पान नं. ३०३५४०६६१

दर्ता नं.: ४१७(२९७)/०६५/०६६ स्थापित २०६५

"नियमित कारोबार उत्तरदायी व्यबहार सुसुचित शेयर सदस्य पारिजातका आधार"

# पारिजात

## बचत तथा ऋण सहकारी संस्था लि.

प्रतिवेदन अध्ययनको लागि स्क्यान गर्नुहोला




१७ औं वार्षिक साधारण सभा

# वार्षिक प्रगति प्रतिवेदन

२९ कार्तिक २०८२

Annual Report
Fiscal Year 2081/82


सूर्यविनायक -५, कटुञ्जे सल्लाघारी, भक्तपुर

फोन:०१-६६१९४२९, ०१-६६२०५९९

Website: www.parijatsaccos.com.np

FB Page: Parijat Saving & Credit Co-operative Ltd.

# संचालक समिति



**टंकराज काफ्ले**
**अध्यक्ष**



**सुरज थापा**
**उपाध्यक्ष**



**किरण थापा**
**सचिव**



**श्याम कृष्ण मास्के**
**कोषाध्यक्ष**



**निरञ्जना धौभडेल**
**सदस्य**



**नर विक्रम रायमाझी**
**सदस्य**



**विद्या भट्टराई**
**सदस्य**



**फूल कुमारी याखा**
**सदस्य**



**दिपक प्रसाद वाग्ले**
**सदस्य**

# लेखा सुपरिवेक्षण समिति



**लक्ष्मी बश्याल**
**संयोजक**



**लक्ष्मीप्रसाद कोजू**
**सदस्य**



**लक्ष्मण लुइटेल**
**सदस्य**



**ध्रुव बहादुर रायमाझी**
**तरलता व्यवस्थापन**
**निर्देशक**

# पारिजात वचत तथा ऋण सहकारी संस्था लिमिटेडको

## संस्था परिचय



पारिजात बचत तथा ऋण सहकारी संस्था लि. २०६५ साल श्रावण १६ गते तत्कालिन डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता भएको हो । यस संस्थाको कार्यालय भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका वडा नं. ५, कटुञ्जेमा रहेको छ । यो संस्था सहकारीताको विश्वव्यापी सिद्धान्त, मूल्यमान्यता तथा नेपाल सरकारको सहकारी ऐन, नियमावली र नीति निर्देशिकाको अधिनमा रही संस्थाको कार्यक्षेत्रमा छरिएर रहेको पूँजी एकिकृत गर्दै शेयर सदस्यहरूको आर्थिक,सामाजिक तथा साँस्कृतिक विकासमा टेवा पुर्‍याउने हेतुले स्थापित भई संचालित संस्था हो। समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रूपमा यसले हाल २७४० शेयर सदस्यहरु र ४८९ बाल बचतकर्ताहरु र ८ वटा संस्थागत सदस्यलाई सेवा पुर्‍याईरहेको छ । संस्थाले आफ्नै नाममा दर्ता कायम रहेको ०-९-१-० क्षेत्रफल जमिन खरिद गरी साढे चार तल्ले सुविधा सम्पन्न कार्यालय भवन समेत निर्माण गरी सदस्यहरूलाई सेवा दिदै अघि बढिरहेको यो संस्था भक्तपुर जिल्ला भर कार्यक्षेत्र रहेको एक सफल संस्थाको रूपमा रहेको छ ।

### १. संस्थाको मूलमन्त्र (Slogan)

नियमित कारोवार उत्तरदायी व्यवहार, सुसूचित शेयर सदस्य पारिजातका आधार

### २. परिकल्पना (Vission)

आर्थिक एवं सामाजिक रूपले समृद्ध, वित्तीय साक्षर र उद्यमशील शेयर सदस्यहरूको सक्रिय सहभागितामा सञ्चालित सहकारी मूल्य, मान्यता र सिद्धान्तमा आधारित सक्षम, सुशासित र क्रियाशील वित्तीय संस्था

### ३. ध्येय (Mission)

सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता, सिद्धान्त र मुलुकको विद्यमान कानूनका आधारमा मिश्रित वर्गलाई लक्षित गरी छरिएर रहेका पूँजीलाई एकत्रित गर्दै वित्तीय साक्षरताको प्रवर्द्धन सहित आर्थिक र उत्पादन क्षेत्रमा लगानी बृद्धि गर्दै एक सक्षम वित्तीय संस्थाका रूपमा स्थापित हुने ।

### ४. हाम्रा मूल्य मान्यता र विश्वास (Values and Belief)

क. शेयर सदस्यले मात्र संस्थाको ऋण प्राप्त गरी आर्थिक समृद्धिका लागि काम गर्न सक्छन्

ख. वित्तीय रूपमा साक्षर, उद्यमशील र व्यवसायिक शेयर सदस्यहरु नै संस्था वलियो बनाउने आधारशीला हुन ।

ग. ऋण प्रदान गर्दा ऋण तिर्ने क्षमता, तत्परता, इमान्दारिता र उसको व्यवसायको स्थिरता र व्यवहारिकता (Viability and Stability) लाई ध्यान दिनु नै ऋण सुरक्षणको प्रारम्भिक आधार हो ।

घ. यी तीनवटा मूख्य मान्यता लगायत अन्तर्राष्टिय ऋण संघवाट पारित आधारभूत तथा नैतिक १० वटै मूल्य मान्यतालाई शिरोधार्य गरिने छ ।

### ५. लक्ष्य (Goal)

क. संस्थाको आफ्नै स्वामित्वको नवनिर्मित भवनलाई फरक क्षमता भएका व्यक्ति मैत्री बनाउन आवश्यक थप संरचना निर्माण गर्ने ।

ख. सम्वन्धित निकायबाट जारी तथा बिभिन्न अन्तराष्ट्रिय संघबाट विकसित मापदण्डलाई प्रयोग गरी संस्थामा शुसासन र वित्तीय स्वास्थ्य कायम गर्ने ।

ग. सहकारी ऐन नियमको परिधिमा रही व्यवस्थित रूपले कार्यसम्पादन गर्नका लागि सेवा प्रणालीलाई चुस्त दुरूस्त र सक्षम बनाउने ।

घ. शेयर सदस्यहरूमा वित्तीय साक्षरताका साथै उद्यमशीलता बृद्धि गर्दै दिगो र उत्पादनशील क्षेत्रमा लगानी बृद्धि गर्ने

ङ. आफ्नै जमीन र भवन सहितको सेवा केन्द्रको स्थापना गरी सदस्यहरूलाई सेवा विस्तार गर्ने ।

## ६. रणनीतिक क्षेत्रहरू (Strategic Focus)




## ७. कार्यनीति (Strategy)

क. नियमित बचत गर्ने बानीको विकासका लागि विभिन्न खालका परिचयात्मक कार्यक्रम सञ्चालन गरी जनचेतना जगाउने ।

ख. प्रतिस्पर्धात्मक व्याज तथा अन्य आकर्षण दिंदै नियमित बचत रकममा बृद्धि गर्न सदस्यलाई आव्हान गर्ने ।

ग. विभिन्न सहकारी, सरकारी तथा गैर सरकारी संघ संस्थासंग समन्वय गर्ने तथा दीर्घकालिन संम्बन्धको आधार तयार गर्ने ।

घ. समयमा बचत तथा ऋण बुझाउने सदस्यलाई पुरस्कृत गर्ने हालको नीतिलाई निरन्तरता दिने ।

ङ. आफ्नै भवन तथा तालिम हल, स्रोत व्यक्ति आदिको उपलब्धतालाई सदुपयोग गर्दै शेयरहोल्डर सदस्यको क्षमता विकास गरी सहकारी शिक्षा शिविर तथा तालिमहरु जस्ता कार्यक्रम सञ्चालन गर्न सक्ने क्षमताको विकास गर्ने ।

च. हालको भैं हरेक कारोवार, निर्णय प्रक्रिया, लेखा प्रणाली र कार्यक्रमहरु पारदर्शी गर्ने कार्यलाई निरन्तरता दिने ।

छ. शेयर सदस्य महिलाहरूको लागि खेलोपूँजी परिचालन गरी लघुउद्यम सञ्चालन तथा त्यसको बजार विस्तार कार्यलाई सुपथ व्याजदरमा ऋण प्रदान गर्ने नीति अबलम्बन गर्ने ।

ज. संस्था र शेयर सदस्यको संयुक्त लगानीमा उद्यम तथा व्यवसाय सञ्चालन गर्ने ।

झ. आवश्यकता अनुसार सहकारी वैक, ग्रामीण लघुवित्त विकास केन्द्र तथा स्वालम्वन विकास कोष आदिबाट ऋण लिई शेयर सदस्यहरूमा लगानी गर्ने

ञ. कर्मचारीलाई तालिम तथा क्षमता विकास गर्न संस्था आफैं वा अन्य संस्थाले संचालन गर्ने कमप्युटर बेस लेखा, Costumer Care and Relationship Management Skills, Communication skills आदि तालिम प्रदान गर्ने ।

ट. सूचना, जानकारीको नियमित प्रवाह गर्न वेवसाइट, SMS तथा फेसबुक, ब्रोसर आदिको प्रकाशन तथा वितरण गर्ने ।

## ८. रणनीतिक उद्देश्यहरू (Strategic Objectives)

क. शेयर सदस्य वृद्धि तथा संस्थाका विविध क्रियाकलापमा उनीहरूको सहभागिता बढाउने ।

ख. संस्थाको वित्तीय क्षमता वृद्धी तथा तरलता जोखिम कम गर्ने ।

ग. संस्थाको कार्यालय भवन तथा आवश्यक फर्निचरहरु व्यवस्थापन गर्ने ।

घ. संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

ङ. कर्मचारी तथा समिति उप समितिको क्षमता वृद्धि गर्ने ।

# संस्थाका गतिविधिका केही झलकहरू



१६औं वार्षिक साधारण सभा





१६औं वार्षिक साधारण सभा



१६औं वार्षिक साधारण सभा




संस्थाका स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम

# संस्थाका गतिविधिका केही झलकहरू





संस्थाका स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम





संस्थाद्धारा आयोजित स्वास्थ शिविर कार्यक्रममा





जोरपाटी स्थित Spinal Cord Injury Network Nepal संस्थालाई सहयोग हस्तान्तरन

**पारिजात बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**PARIJAT Saving and Credit Cooperative Ltd.**
सूर्यविनायक न.पा. वडा नं. ५ ,सल्लाघारी भक्तपुर, फोन नं. ०१–६६१९४२९, ०१–६६२०५९९

मिति: २०८२/०६/२६

श्री आदरणीय शेयर सदस्यज्यू,

**विषयः- १७औं वार्षिक साधारण सभा बारे ।**

यस संस्थाको मिति २०८२ असोज २६ गते विहिवारका दिन बसेको संचालक समितिको बैठक नं.५४० को निर्णयानुसार संस्थाको १७औं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई सहर्ष जानकारी गराउदैं तोकिएको मिति, स्थान र समयमा अनिवार्य उपस्थितिका लागि हार्दिक आमन्त्रन गर्दछौ ।

**साधारण सभा हुने स्थान, मिति र समयः**

मितिः २०८२।०७।२९ गते शनिवार

स्थानः इम्पेरियल बैंक्वेट, सु.न.पा. ५, सुवर्णचोक कटुन्जे, भक्तपुर

समय बिहानः विहान १०:०० बजे

**प्रस्ताव र छलफलका विषयहरू:**

१. संचालक समितिको तर्फबाट आ.व. २०८१।०८२ को कार्य प्रगति प्रतिवेदन प्रस्तुत गर्ने आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम माथि छलफल गरि पारित गर्ने र आ.ब. २०८३/८४ को प्रस्तावित बजेट सम्बन्धमा ।
२. आ.व.२०८१।०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल र पारित सम्बन्धमा ।
३. आ.व.२०८१।०८२ को वित्तिय विवरण तथा लेखा परिक्षकको प्रतिवेदन माथि छलफल र पारित सम्बन्धमा।
४. आ.व. २०८१।०८२ को नगद शेयर लाभांश पारित गर्ने सम्बन्धमा ।
५. आ.व.२०८१।०८२ मा संचालक समितिले गरेका निर्णय अनुमोदन सम्बन्धमा ।
६. आ.व.२०८२।०८३ का लागि लेखा परीक्षकको नियुक्ति र नीजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. आन्तरिक नीति तथा कार्यविधि संशोधन तथा पारित सम्बन्धमा ।
८. संस्थाको नाममा प्राप्त भएका सम्पति बिक्रि सम्बन्धमा ।
९. निर्णय पुस्तिकामा प्रमाणिकरण गर्ने १० जना प्रतिनिधि चयन गर्ने तथा निर्णय पुस्तिका प्रमाणिकरण गर्ने सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

(किरण थापा)
सचिव

साधारण सभामा उपस्थित हुदा सदस्यहरूले ध्यान दिनुपर्ने कुराहरू:

- संस्थाको शेयर सदस्यको हैसियतले २०८२ असोज महिना सम्मको मासिक नियमित बचत र ऋणको बाँकी वक्यौता नबुझाउने सदस्यहरूले असोज १५ गते सम्म अनिवार्य वुझाउनु पर्नेछ अन्यथा साधारण सभामा सहभागी गराउन संस्था वाध्य हुने छैन ।

पूनश्चः शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा कक्षा १२ मा संस्थाका शेयर सदस्यका छोरा/छोरी मध्ये सर्वोत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालयबाट छात्र १ /छात्रा १ जनालाई र निजी विद्यालय तर्फका छात्र १/छात्रा १ गरि २/२ जनालाई सम्मान गर्ने कार्यक्रम रहकोले मिति २०८२/०७/१४ गते भित्र आफ्ना छोरा/छोरीहरूको Grade Sheet को प्रतिलिपि संस्थामा उपलब्ध गराईदिनु हुन समेत अनुरोध गरिन्छ ।

**(कृपया साधारण सभामा उपस्थित हुँदा आफ्नो परिचय खुल्ने संस्थाको परिचयपत्र अनिवार्य रूपमा लिएर आउनुहोला)**

# पारिजात साकोसको प्रतिवेदन २०८२

## साधारण सभा तयारी उप-समिति

| | | |
|---|---|---|
| सुरज थापा | - | संयोजक |
| किरण थापा | - | सदस्य |
| श्यामकृष्ण मास्के | - | सदस्य |
| निरञ्जना धौभडेल | - | सदस्य |
| नर विक्रम रायमाझी | - | सदस्य |
| पारु खनाल | - | सदस्य |

## विशेष सल्लाहकार

ध्रुव बहादुर रायमाझी

**प्रकाशक**

**पारिजात बचत तथा ऋण सहकारी संस्था लि.**

सूर्यविनायक -५ कटुञ्जे, सल्लाघारी, भक्तपुर,
फोन नं. ०१-६६१९४२९, ६६२०५९९
इमेलः parijatsaccos@gmail.com
बेव साइटः www.parijatsaccos.com.np
फेसबुकः Parijat Saving & Credit Co-operative Ltd.

**मुद्रक**

**मित्रता छापाखाना**

भक्तपुर
सम्पर्क ९८४१२२९८०३
इमेलः mc.mitrata@gmail.com



## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।।

## यस भित्र.....

| क्र.सं. शीर्षक | पेज नं. |
|---|---|
| १. अध्यक्षको प्रतिवेदन | ३-७ |
| २. तरलता व्यवस्थापन प्रतिवेदन | ८-१० |
| ३. सचिवको प्रतिवेदन | ११-१५ |
| ४. कोषाध्यक्षको प्रतिवेदन | १६-२१ |
| ५. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | २२-२३ |
| ६. ऋण लगानी तथा असुली उप-समितिको प्रतिवेदन | २४-२५ |
| ७. शिक्षा उप-समितिको प्रतिवेदन | २६-२७ |
| ८. महिला जागरण तथा सशक्तिकरण उप-समिति | २८-२९ |
| ९. अडिट रिपोर्ट/पर्लस रिपोर्ट | ३०-५६ |
| १०. वार्षिक प्रगतिको चार्ट | ५७-५८ |
| ११. सहकारीका मूल्य तथा मान्यता सिद्धान्त | ५९ |
| १२. सहकारी सुशासन कायम गर्ने अवलम्बन गर्नुपर्ने उपायहरू | ६० |
| १३. संस्था दर्ता बखतका सदस्यहरु | ६१ |
| १४. टिपोट | ६२ |
| १५. सदस्य सन्तुष्टी सर्भे २०८१ | ६३-६४ |

पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को
१७औं वार्षिक साधारण सभामा अध्यक्षद्वारा प्रस्तुत

# आ.व. २०८१/०८२ वार्षिक प्रतिवेदन



✍ टंकराज काफ्ले
अध्यक्ष

पारिजात बचत तथा ऋण सहकारी संस्था लि. को १७औं वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथिज्यूहरू, संस्थाका सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, सञ्चालक एंव लेखा सुपरीवेक्षण समितिका पदाधिकारीज्यूहरू, संस्थाका शेयर सदस्यज्यूहरू, विभिन्न समिति उप-समितिका संयोजक एंव सदस्यज्यूहरू, बाल बचतकर्ता भाई बहिनीहरू, साथै यस संस्थाको प्रगतिका लागि अहोरात्र रूपमा खटिनु हुने प्रबन्धक साथै कर्मचारीज्यूहरू, पत्रकार मित्रहरू र प्रेरणादायी व्यक्तित्वहरूमा सर्वप्रथम संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

आज यस संस्थाको १७औं वार्षिक साधारण सभासम्म आईपुग्दा यस संस्थाले विभिन्न चुनौतीहरू सामना गर्नुका साथै आफ्ना बिगतका कमी कमजोरीहरूबाट सिक्दै सहकारीको विश्वव्यापी मूल्य, मान्यता, सिद्धान्त एवं संघ, प्रदेश र स्थानीय सरकारका कानून, निति, नियम तथा नियमावलीको परिपालना गर्दै, सम्पूर्ण शेयर सदस्यहरूको सल्लाह, सुझाव अनुरूप निरन्तर कार्यसम्पादन गरी सदस्यहरूको विश्वास कायम राख्न सफल भएको छ । स्थापना कालदेखि नै सदस्यहरूको आर्थिक, सामाजिक र सामुदायिक सशक्तिकरणको लक्ष्यका साथ क्रियाशील रहँदै यो संस्था आफ्ना सदस्यहरूको स-साना बचतलाई परिचालन गरी सामूहिक लगानीको माध्यमबाट समृद्ध समुदाय निर्माण गर्ने दिशामा प्रयत्नरत छ । '**नियमित कारोबार, उत्तरदायी व्यवहार, सुसूचित शेयर सदस्य पारिजातका आधार**' भन्ने मूल मन्त्रलाई आत्मासात गर्दै सदस्यहरूले नियमित रूपमा गरेको बचतलाई सुरक्षित रूपमा ऋण परिचालन गरी सदस्यहरूको आर्थिक बिकास र उद्यमशीलता प्रवर्द्धनमा सहयोग गर्नु नै यो संस्थाको मूल उद्देश्य रहेको छ । यी उद्देश्य अनुरूप सम्पादन गर्दा संस्थाले सदस्य केन्द्रित सेवा, पारदर्शी प्रशासन, उत्तर दायित्व र आर्थिक अनुशासनलाई उच्च प्राथमिकता दिने गरेको छ ।

यस संस्थाले विशेष गरी परम्परागत बैंकिङ्ग प्रणालीबाट वित्तीय क्षेत्रमा सहज पहुँच नपाएका परिवारका सदस्यहरूलाई समेत लक्षित गरी उनीहरूका स-साना आर्थिक आवश्यकताहरू पूरा गर्न सहुलियत ब्याजदरमा ऋण सुविधा प्रदान गर्दै, आत्मनिर्भर जीवनशैलीको विकासमा योगदान पुर्‍याउँदै आएको छ । यस क्रममा संस्थाले महिला, युवा र साना उद्यमीहरूलाई ऋण सहयोगका अलावा तालिम तथा उद्यमशीलता अभिवृद्धिको अवसर प्रदान गर्दै आएको छ । आर्थिक सेवाका अलावा, सहकारीले सामाजिक उत्तरदायित्वका कार्यहरू पनि आफ्नो नियमित गतिविधिको रूपमा समेटेको छ । समुदायमा वित्तीय साक्षरता कार्यक्रम, शिक्षा, सहयोग, स्वास्थ्य सचेतना, र सामाजिक अभियानहरू सञ्चालन गरी सहकारिताको सामाजिक मूल्यलाई व्यवहारमा उतार्ने प्रयासमा समेत यो संस्था निरन्तर प्रयत्नशील छ ।

**आर्थिक वर्ष २०८१/८२ का मुख्य उपलब्धिहरू:**

आर्थिक वर्ष २०८१/८२ पारिजात साकोस संस्थागत विकास एवं वित्तीय क्षमता वृद्धि जस्ता दुवै पक्षमा उल्लेखनीय उपलब्धि हाँसिल गर्न सफल भएको छ । संस्थाले आफ्नो सञ्चालन प्रणाली, वित्तीय स्थायित्व, प्रशासनिक दक्षता, सदस्य सेवा र सहकारी सुशासनका मानकहरूलाई मापदण्ड भित्र राख्न मात्र होइन भाखा नाघेका ऋण असुली, राष्ट्रिय मापदण्ड अनुसारको लेखा परीक्षण तथा तदनुसारका विद्युतीय औजारको (Account Software) को व्यवस्था, वित्तीय तथा अन्य जोखिम न्युनिकरणमा सुधार जस्ता कुराहरू यस वर्षका मुख्य उपलब्धि हुन् । वित्तीय उपलब्धि तर्फ संस्थाको यस आर्थिक वर्षको वित्तीय अवस्थालाई तलको तालिकामा संक्षिप्तमा प्रस्तुत गरिएको छः

| शीर्षक | आ.व २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|
| सदस्य | २७०९ (म-१५२१, पु-११८०, सं-८) | २७४० (म-१५४२, पु-११९०, सं-८) |
| शेयर | ११,४१,५५,०००/- | ११,०४,०४,०००/- |
| निक्षेप | ७०,९८,६७,२६८/- | ८२,१६,२१,६४९/- |
| ऋण | ७७,५८,२९,९२५/- | ८१,३७,३३,०९६/- |
| आम्दानी | ११,३०,०१,१२९/- | १३,९७,१४,७६०/- |
| खर्च | ८,३७,२६,४५६/- | १०,५०,२०,८६२/- |
| कोष | ११,७६,५१,९४१/- | १३,२६,१९,२४३/- |
| संस्थागत पूँजी | ९,१२,२८,९४७/- | १०,०८,६०,५७१/- |
| प्राथमिक पूँजी कोष | २०,५३,८३,९४७/- | २१,१२,६४,५७१/- |
| आयकर | २८,४६,८१५/- | ३४,४०,६०८/- |
| जम्मा सम्पत्ति | ९४,७१,२४,५२२/- | १,०६,९८,१४,२४१/- |

विस्तृत वित्तीय विवरण कोषाध्यक्षको प्रतिवेदन र तरलता सम्बन्धी तथ्याङ्क सहितको प्रतिवेदन तरलता व्यवस्थापन निर्देशकको प्रतिवेदनमा समेटिएको छ ।

यो आर्थिक वर्षमा संस्थाको कुल बचत (नाफा) रू.३,४६,९३,८९९/- रहेको छ र सोबाट आयकर बुझाई खुद बचत (नाफा) रू.३,१२,६८,२३८/- आर्जन गरेको छ। खुद नाफाको रकमलाई सहकारी ऐन अनुसार कोष बाँडफाँड गरी शेयर सदस्यहरूलाई ९.४० प्रतिशत लांभाश दिन प्रस्ताव गरेका छौं । यो मुनाफा केवल संख्यात्मक उपलब्धि नभई, संस्थाको वित्तीय अनुशासन, ब्याज नीति, ऋण लगानी योजना र जोखिम व्यवस्थापनको सफलताको सूचक पनि हो ।

यस वृद्धिले संस्थाको दीर्घकालिन वित्तीय स्थायित्वमा सकारात्मक प्रभाव पारेको छ। आर्थिक वर्ष २०८१/८२ भित्र संस्थाले आफ्नो प्रशासनिक कार्य प्रणालीलाई पनि व्यवस्थित र प्रविधिमैत्री बनाउने प्रयत्नमा विशेष ध्यान दिइएको छ । सहकारी व्यवस्थापनमा सफ्टवेयर (Co-operative Management System) लाई पूर्णरूपमा कार्यान्वयनमा ल्याई दैनिक कारोबार, लेखा विवरण, र सदस्य डाटा व्यवस्थापनमा दक्षता र पारदर्शिता स्थापित गर्ने कुरामा प्रयासरत रहेका छौं । संस्थाले यस वर्ष बाट सफ्टवेयरको डाटा cloud मा राखीने र यस चालु आ.व बाट मोबाईल Apps मार्फत दैनिक कारोबार गरी नँया पुस्तालाई सहकारीमा आकर्षण गराउने लक्ष्य लिएको छ ।

**सामाजिक उत्तरदायित्व**: यस आ.व.२०८१/८२ मा संस्थाले आर्थिक कारोबारको अतिरिक्त सामाजिक उत्तरदायित्वका क्षेत्रमा समेत उल्लेखनीय योगदान पुऱ्याएको छ । संस्थाले विभिन्न सामाजिक संघ-संस्थाहरूलाई आर्थिक सहयोग प्रदान गर्नुका साथै आफ्ना शेयर सदस्यहरूलाई लक्षित गरी स्वास्थ्य सेवा, रक्तदान तथा तालिमका कार्यक्रमहरू सञ्चालन गरेको छ । यस वर्ष सहकारीको पहलमा एक दिवसीय स्वास्थ्य शिविर आयोजना गरिनुका साथै खुला रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ। सामुदायिक स्वास्थ्य सेवा सुदृढीकरणको उद्देश्यले कटुञ्जे स्वास्थ्य चौकीलाई एक थान ECG मेशिन प्रदान गरिएको छ ।

**संस्थागत सुशासन र पारदर्शिता**: सहकारी ऐन र संस्थाको नियमावली अनुसार सबै बैठकहरू, निर्णयहरू र आर्थिक गतिविधिहरू समयमै सम्पन्न गरिएको छ। वार्षिक लेखा परीक्षण चार्टर्ड एकाउन्टेन्टद्वारा गराइँदै पारदर्शी रूपमा प्रस्तुत गरिएको छ । व्यवस्थापन समितिका बैठकहरू नियमित रूपमा बसेर नीति, योजना र बजेटको कार्यान्वयनमा निगरानी गरिरहेका छौं । व्यवस्थापन र संस्थागत सु-शासनका विस्तृत विवरण सचिवको प्रतिवेदनमा समेटिएको छ ।

**सम्मान तथा पुरस्कार तर्फ**:

यस संस्थालाई भरपुर विश्वास र भरोसा गरी तपाई सम्पूर्ण शेयर सदस्यहरूले आर्थिक कारोबार गर्नु भएकाले नै आज यस संस्थाले आफ्नो सुविधायुक्त भवनबाट सेवालाई निरन्तरता दिन सफल भएको हो । यस संस्थाबाट नियमित कारोबार गर्ने क्रममा विभिन्न ऋण तथा बचत कारोबारमा उत्कृष्ट कारोबार गरी संस्था

सञ्चालनमा थप सहयोग पुर्याउनु हुने शेयर सदस्य महानुभावहरू मध्येबाट प्रत्येक विधामा १/१ जनालाई सम्मान गर्ने क्रमलाई निरन्तरता दिने क्रममा सञ्चालक समितिको बैठक नं.५४४ को निर्णय बमोजिम आज तपसिलमा उल्लेखित शेयर सदस्यहरूलाई सम्मान गर्ने निर्णय गरिएको छ ।

**बचत तर्फका उत्कृष्ट सदस्यहरूः**

| क्र. सं. | बचत तर्फ | सदस्यता नं. | बचतकर्ताको नाम |
|---|---|---|---|
| १. | विशेष बचत | १३५८ | श्री दिनेश थापा |
| २. | साधारण बचत | ९७३ | श्री मथुरा बस्नेत |
| ३. | गृहिणी बचत | १३१७ | श्री बबिता काफ्ले |
| ४. | खुत्रुके बचत | १३५० | श्री अभिनव कट्टेल (यमुना पोखरेल) |
| ५. | स्वर्णिम बचत | ११४३ | श्री गोपाल चोवाल |
| ६. | आवधिक बचत | ९४० | श्री एकनाथ अधिकारी |
| ७. | नियमित बचत | २५०७ | श्री लक्ष्मीश्वरी मानन्धर |

**ऋण तर्फका उत्कृष्ट सदस्यहरूः**

| क्र. सं. | ऋणको प्रकार | सदस्यता नं. | असल ऋणीको नाम |
|---|---|---|---|
| १ | व्यापारिक ऋण | २५५३ | श्री पार्वती अधिकारी कार्की |
| २ | आयमूलक ऋण | ८४९ | श्री सिर्जना बोम्जन |
| ३ | व्यक्तिगत ऋण | १६७६ | श्री चन्द्रा देवि राई |
| ४ | आवधिक ऋण | ३८८ | श्री श्रीमाया सार्की |
| ५ | कृषि ऋण | २३८७ | श्री सनसारी खड्का |
| ६ | शैक्षिक ऋण | १८३५ | श्री राधा कार्की |
| ७ | घर जग्गा ऋण | १०९३ | श्री सिता तामाङ |
| ८ | हायर पर्चेज ऋण | ३१०२ | श्री रत्न बहादुर खड्का |

संस्थाका जेष्ठ सदस्यलाई पनि सम्मान गर्ने निर्णय अनुरूप जेष्ठ सदस्यहरू मध्ये यस आर्थिक वर्षबाट १ जना पुरूष र १ जना महिलालाई सम्मान गर्ने निर्णय गरिएको छ। जसमा सदस्यता नं. २४८२ का **श्री लुम्ब प्रसाद सुवेदी** र सदस्यता नं.२०३७ का **श्री रमा मैनाली पराजुली** लाई आजै सम्मान गरिने छ । साथै स्थापनाकाल देखि हाल सम्म अनवरत रूपमा यस संस्थामा मेहेनती र लगनशील भइ कार्य गरिरहनु भएकोमा संस्थाका कर्मचारी **श्री टीका कुमारी लामा** लाई उत्कृष्ट कर्मचारीको रूपमा सम्मान गरिने छ ।

यस संस्थाका शेयर सदस्यका छोरा/छोरीहरू मध्ये माध्यमिक शिक्षा परीक्षा +२ मा उत्कृष्ट ग्रेड हासिल गर्ने विर्धार्थीहरूको पढाईप्रति हौसला प्रदान गर्ने उद्देश्यले सम्मान गर्ने गरेको हुँदा सो विधामा सम्मानित हुने तपसिलमा उल्लेखित छात्र-छात्राहरूको उज्जवल भविष्यको कामना गर्दै आगामी अध्ययनको यात्रा अझ सफल सक्षम रहोस एंव राष्ट्रको निमित्त केही योगदान गर्न सक्ने सक्षम र योग्य नागरिक निर्माण हुन् भन्ने यस संस्थाले विश्वास लिएको छ ।

**५. सामुदायिक विधालय तर्फ**

| क्र. सं. | शेयर सदस्यको नाम र सम्मान प्राप्त गर्ने व्यक्तिको नाता | सम्मान प्राप्त गर्ने व्यक्तिको नाम | अध्ययन गरेको विधालयको नाम र ठेगाना | GPA |
|---|---|---|---|---|
| १. | दावी नपरेको | – | – | – |
| २. | दावी नपरेको | – | – | – |

## निजि विधालय तर्फ

| क्र. सं. | शेयर सदस्यको नाम र सम्मान प्राप्त गर्ने व्यक्तिको नाता | सम्मान प्राप्त गर्ने व्यक्तिको नाम | अध्ययन गरेको विधालयको नाम र ठेगाना | GPA |
|---|---|---|---|---|
| १. | ऋषभ नेपाल (३१९७)का छोरा | निश्चल नेपाल | Prasadi Acadamy Secondary School, Lalitpur | 3.88 |
| २. | कञ्चना अधिकारी (१८४१)को छोरी | युशिका कार्की | Kathmandu Model Secondary School, Lalitpur | 3.42 |

यस संस्थाले स्थापना कालदेखि गर्दै आएको सामाजिक सेवाका कार्यहरूलाई यस आ.व. मा पनि निरन्तरता दिँदै आ.व. २०८१/८२ मा परलोक हुनु भएका यस संस्थाका सक्रिय शेयर सदस्यहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना सहित तपसिलमा उल्लेखित सदस्यहरूका परिवारलाई सहानुभुति राशिबाट नगद समेत प्रदान गरिएको व्यहोरा जानकारी गराउँदछौं ।

| क्र. सं. | मृत्यु हुने सदस्यको नाम | सदस्यता नं. | रकम बुझिलिने व्यक्ति र सदस्य सँगको नाता |
|---|---|---|---|
| १. | स्व. विष्णु प्रसाद ढकाल | २९७ | रूक्मिणी ढकाल (श्रीमती) |
| २. | स्व. सुर्य बहादुर बस्नेत | १४११ | लिलामायाँ बस्नेत (श्रीमती) |
| ३. | स्व. गणेश बहादुर थापा | २९८५ | सहदेव थापा (छोरा) |
| ४. | स्व. बाल कुमारी खतिवडा | २१०८ | मनोज खतिवडा (छोरा) |
| ५. | स्व. लिला माया आङ्वो | १३६९ | पदम कुमार आङवो (छोरा) |
| ६. | स्व. रामप्यारी ताम्राकार | २४०१ | इन्दिरा प्रधान (छोरी) |

## यस वर्ष सामना गर्नु परेका चुनौति र सिकाई

माथि उल्लेखित महत्वपूर्ण उपलब्धि हाँसिल गर्ने क्रममा यस आर्थिक वर्षमा केही चुनौतीहरूको पनि सामना गर्नु परेको थियो । ती चुनौतिलाई संक्षिप्त र बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छः

- ऋणीको समग्र आर्थिक विश्लेषण तथा आयश्रोतको ढाँचा र सम्पत्ति दायित्वको विवरणको अनुसन्धानका साथै ऋणीलाई येथेष्ट जानकारीको अभावमा ऋणीले ऋण लिदा बखत गरेको सम्झौता अनुसार ऋण असुली नहुँदा संस्था संचालनमा समस्या आएको,
- संस्थामा सदस्यसंग हुने दैनिक कारोबारमा हुने सीमा कारोबार (Threshold Transaction Report-TTR) को प्रतिवेदन तयार गरी नेपाल राष्ट्र बैकको बित्तिय ईकाइमा विद्युतीय माध्यमबाट जानकारी पठाउने कार्यमा विभिन्न प्राविधिक कठिनाई आइपर्दा नियमित गर्न चुनौति भएको,
- राष्ट्रिय सहकारी नियामन प्राधिकरण, नेपाल राष्ट्र बैंक, सहकारी विभाग लगायत अन्य नियामक निकायबाट समय-समयमा प्राप्त मापदण्ड तथा निर्देशनमा व्यवस्था भए बमोजिम संस्थाका वित्तीय अवस्था झल्काउने बिभिन्न जटिल र विश्लेषणात्मक सुचकहरू गणना गरी विश्लेषण गर्ने जनशक्ति अभावका कारण चार्टर एकाउन्टेन्ट एवं विज्ञ संल्लाहकारहरूबाट सहयोग लिनु परेको,
- नियामक निकायहरूबाट समय-समयमा प्राप्त निर्देशन तथा मापदण्ड बमोजिम संस्थाका आर्थिक सूचाङ्कहरू विश्लेषण गरी आवश्यक सुधार गर्न र सबै सदस्यहरूको नगद प्रवाहको तथ्याङ्क अद्यावधिक गर्ने समेत काम गर्नु पर्दा कार्यबोझ बढ्न गएको,

## आगामी कार्यदिशा

माथि उल्लेखित समस्या तथा चुनौतिबाट प्राप्त सिकाइलाई आत्मसात गर्दै अगामी आर्थिक वर्षमा केही नीतिगत र केही कार्यगत सुधार गर्दै जाने रणनीति अनुसार संस्थाले व्यवसायिकता, मितव्ययी व्यवहार, सदाचारिताको आचरण र नैतिक बलमा जोड दिने, नीतिगत रूपमै ऋणीको आर्थिक विश्लेषण गर्ने व्यवस्था मिलाउने तथा आयश्रोतको ढाँचा र सम्पत्ति दायित्वको विवरणको अनुसन्धान गरी ऋण प्रदान गर्ने कार्यलाई निरन्तरता दिने, ऋणको जोखिम घटाउन ऋणीको अनुगमन गर्ने जस्ता कामलाई निरन्तरता दिने, सूचना प्रवृधि र सफ्टवेयरहरू अध्यावधि गरी स्वचालित र अझ प्रभावकारी बनाउने, अत्याधुनिक सूचना प्रविधिको व्यवस्थापन

गरी प्रत्येक दिन ऋणको खाता सम्बन्धित सफ्टवेयरबाट जाँच गर्न सकिने व्यवस्था मिलाउने, संस्थामा आउन सक्ने जोखिम कम गर्ने कार्यलाई अझ प्रभावकारी बनाउन र कार्यालयका सम्बेदनशील स्थानमा अनाधिकृत व्यक्ति प्रवेशमा रोक लगाउन तथा सुरक्षा सम्बेदनशील कुराहरू प्रवेश गराउनमा रोक लगाउन सुरक्षा गार्डको समेत व्यवस्था गर्ने कुरालाई अगामी वर्षका मूख्य कामहरूमा प्रस्तावित गरिएको छ ।

यसैगरी शेयर सदस्यहरूको प्रतिवद्धता र सहकार्यलाई उच्च मूल्याङ्कन गर्दै संस्थाबाट अल्पकालीन आर्थिक फाइदा भन्दा दीर्घकालिन हित खोज्ने गुणात्मक सदस्यहरूको जमात बढाउन सदस्यहरू वीच निरन्तर अन्तरक्रिया, विचार मन्थन गर्ने र नयाँ शेयर सदस्य बनाउदा पनि त्यस कुरालाई मनन् गर्ने नीति अपनाइने प्रस्ताव पनि यो गरिमामय सभा समक्ष राख्न चाहन्छु ।

अन्तमा सम्पूर्ण शेयर सदस्य, सञ्चालक समिति, कर्मचारी, सहकारी साझेदार, नियामक निकाय र हाम्रो सहकारी संस्थाप्रति विश्वास राख्ने सबै सहयोगीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी वर्षहरूमा पनि "**सदस्यकै लागि सदस्यद्वारा सञ्चालित सहकारी**" भन्ने मूल भावनामा एकताबद्ध भई अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद । जय सहकारी । जय पारिजात ॥

## बचतको ब्याजदर

**संस्थाको चालु ब्याजदर**

| सि.न. | बचतको प्रकार | हाल कायम ब्याजदर |
|---|---|---|
| १ | नियमित बचत | ८ % |
| २ | साधारण बचत | ३ % |
| ३ | बिशेष बचत | ४ % |
| ४ | स्वर्णिम बचत | ९ % |
| ५ | गृहिणी बचत | ८ % |
| ६ | खुत्रुके बचत | ९ % |
| ७ | दैनिक बचत | ३ % |
| ८ | आवधिक बचत ६ महिने | ५ % |
| ९ | आवधिक बचत १ वर्षे | ६ % |
| १० | आवधिक बचत २ वर्षे | ७ % |

## ऋणको ब्याजदर

| सि.न. | ऋणका प्रकार | हाल कायम ब्याजदर |
|---|---|---|
| १ | ब्यापारिक ऋण | १२ % |
| २ | आयमुलक ऋण | १२ % |
| ३ | घर जग्गा ऋण | १३ % |
| ४ | ब्यक्तिगत ऋण | १२ % |
| ५ | कृषी ऋण | ११ % |
| ६ | शैक्षिक ऋण | ११ % |
| ७ | हायर पर्चेज ऋण | १२ % |
| ८. | आवधिक बचतमा ऋण | पाउने ब्याजमा २ % थप |

पारिजात वचत तथा ऋण सहकारी संस्था लि.को
१७औं वार्षिक साधारण सभामा



# प्रस्तुत तरलता व्यवस्थापन सम्बन्धि प्रतिवेदन

ध्रुवबहादुर रायमाझी
तरलता ब्यवस्थापन निर्देशक

पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को १७औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, आदरणीय अतिथिज्यू, सञ्चालक, सल्लाहकार, लेखा सुपरिवेक्षण समिति, उप-समितिका पदाधिकारी, कर्मचारी तथा उपस्थित शेयर सदस्य महानुभावहरूमा सहकारी अभिवादनसहित यो प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म हर्षित छु। आज हामी पारिजात परिवारका सबै सदस्यहरू १७औं वार्षिक साधारण सभाको यस ऐतिहासिक मञ्चमा एकत्रित भएका छौं। यो केवल वार्षिक सभा मात्र होइन - हाम्रो साझा सपना, विश्वास र श्रमको उत्सव हो ।

## संस्थाको वर्तमान अवस्था

यस संस्थाको २०८१-०८२ को लेखा परीक्षण प्रतिवेदन अनुसार रू.११ करोडभन्दा बढी शेयर पूँजी, रू.८२ करोडभन्दा बढी निक्षेप, रू.८१ करोड भन्दा बढी ऋण लगानी, रू.१० करोड भन्दा बढी संस्थागत पूँजि रहेको छ भने जम्मा वासलात रू.१,०६,९८,१४,२४१/- पुगेको छ। वर्तमान अवस्थामा संस्थाको आफ्नै पूर्ण स्वामित्वमा रहेको पाँच तले भवनबाट येथेष्ट वित्तीय स्वास्थ्य कायम राख्दै २७ सयभन्दा बढी शेयर सदस्यहरूलाई सेवा प्रदान भइरहेको छ। भवनको स्वामित्वता केवल भौतिक संरचना मात्र होइन, हाम्रो प्रतिबद्धता र विश्वासको प्रतिक पनि हो ।

## तरलता व्यवस्थापन – सहकारीको मेरूदण्ड

वित्तीय कारोबार गर्ने सहकारीको मुख्य चुनौती भनेको तरलता व्यवस्थापन हो। तरलता भनेको नगद मौज्दात वा तुरून्तै नगदमा परिणत गर्न सकिने सम्पत्ति हो। यो सहकारीको जीवनरेखा पनि हो, जसको असन्तुलनले संस्था मात्र होइन, विश्वास पनि संकटमा पार्न सक्छ। हाल सहकारीमा देखिएका चुनौती मध्ये तरलता ब्यबस्थापन नै मूख्य रहेको पाइन्छ।यही अवधारणालाई आत्मासात गर्दै पारिजात बचत तथा ऋण सहकारी संस्थाले विगतका वर्षदेखिनै तरलता व्यवस्थापनलाई विशेष प्राथिमकता दिदै आफ्ना योजना र कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दै आएको कुरा सर्वविदितै छ ।

## सुधारात्मक पहल र रणनीतिः

पारिजात बचत तथा ऋण सहकारी संस्थाले विगत आर्थिक वर्ष देखि नै तरलता व्यवस्थापनलाई उच्च प्राथमिकता दिए अनुसार यो आर्थिक वर्षमा पनि विभिन्न सुधारात्मक रणानीति अपनाएको छ। वित्तीय जोखिम न्यूनिकरणका लागि आन्तरिक लेखा परीक्षणलाई नियमितता दिने, नियामक निकायबाट समय-समयमा प्राप्त निर्देशन कार्यान्वयन गर्ने, ऋण असुली कार्यलाई प्रभावकारी बनाउने, राष्ट्रिय लेखामान (NFRS) अनुसार लेखा राख्ने सफ्टवेयरलाई अध्यावधि गर्ने कार्य लगायत सदस्य-केन्द्रित सुदृढीकरण, नियमित भेटघाट, वित्तीय विवरणमा पारदर्शिता, दीर्घकालीन बचत विस्तार, PERLS सूचकको अनुगमन र दैनिक वित्तीय विश्लेषणजस्ता सुधारात्मक उपायहरू अवलम्बन गर्दै आएको छ। बचत तथा ऋण सहकारी संस्थाको तरलता मापनका सूचकका आधारमा विश्लेषण गरी यस संस्थाको आर्थिक वर्ष २०८१/०८२ को अन्तमा रहेको तरलताको स्थिति मापन गर्ने सूचकहरू तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं | तरलता सम्बन्धी सूचक | मापदण्ड | संस्थाको अवस्था | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/०८१ | आ.व २०८१/०८२ |
| १ | कुल सम्पत्तिमा शेयर पूँजीको प्रतिशत | कम्तिमा १०% | ११.५९% | १०.३१% |
| २ | कुल सम्पत्तिमा संस्थागत पूँजीको प्रतिशत | कम्तिमा १०% | ९.२६% | ९.४२% |
| ३ | कुल बचतमा नगद मौज्दातको प्रतिशत (बैंक तथा नगद) | १०-२०% | ११.९३% | १७.३१% |
| ४ | कुल बचतमा नियमित र लामो प्रकृतिको बचतको प्रतिशत | कम्तिमा ३०% | ३८.२५% | ४२.१८% |
| ५ | नियमित बचत गर्ने शेयर सदस्यको प्रतिशत | कम्तिमा ९०% | १००% | १००% |
| ६ | कुल बचतमा आवधिक बचतको प्रतिशत | कम्तिमा २०% | ३७.९७% | ३०.५५% |
| ७ | संस्थामा नियमित कारोबार बचत गर्ने सदस्यको प्रतिशत | कम्तिमा ६०% | ८०% | ८०% |
| ८ | प्राथमिक पूँजीकोषमा प्रति सदस्य लगानीको प्रतिशत | बढीमा १०% | ०,१६% | १.६१% |
| ९ | संस्थाबाट ऋण लिएका वा ऋणसेवा उपयोग गर्ने सदस्यको प्रतिशत (विगत ५ वर्ष यताको औसत) | कम्तिमा ४०% | ७९.८८% | ७९.८८% |
| १० | ऋण असुली दर | सम्मभव भए सम्म १००% | ८३.१४% | ८५.८३% |
| ११ | कुल ऋणमा १ वर्षभन्दा बढी भाखा नाघेको ऋण | ५% भन्दा कम | ४.९१% | ५.१५% |

स्रोतः लेखा परीक्षण प्रतिवेदन र संस्थाका वित्तीय अभिलेख आ.व. २०८१/२०८२

माथि उल्लेखित तथ्याङ्क हेर्दा यो आर्थिक वर्ष संस्थाको तरलता सम्बन्धि अवस्था प्राय सबै मापदण्डहरू अनुसार स्वस्थ रहेको देखिएको छ। यो प्रगति निश्चय पनि सही रणानीति तथा कार्यक्रम, सञ्चालक समितिको उपयुक्त निर्णय र दृढतापूर्वक कार्यान्वयन, उप-समितिहरू, तथा शेयर सदस्यहरूको सामूहिक प्रयास, कर्मचारीको इमानदारिता र कार्य सम्पादन क्षमताको नतिजा हो। विगतका वर्षमा सहकारी क्षेत्रले तरलता संकट, ब्याजदरको असन्तुलन, र प्रतिस्पर्धाको तीव्रता आदिका कारणले केही चुनौतीहरूको सामना गरिएको थियो। तर त्यस चुनौतिलाई सामूहिक रूपमा सुक्ष्म विश्लेषण सहित सामना गर्दै हामीले आपसी सहयोग, संयम र दूरदृष्टिले अझ सशक्त भएर अगाडि बढेको कारण हामीले संस्थालाई यो अवस्थामा पुर्याएको हो। यस अवस्थामा हामी गर्वका साथ भन्न सक्छौं पारिजात सहकारी संकटमा होइन, सशक्तीकरणको मार्गमा छ। यद्यपि संस्थाको तरलता अवस्था मात्र होइन यसको सम्पूर्ण वित्तीय स्वास्थ्यलाई मापदण्ड भित्र राख्दै संस्थालाई नाफाको स्थितिमा कायम राख्ने प्रयत्नमा यो आर्थिक वर्षमा केही चुनौतीहरूको पनि सामना गर्नु परेको थियो। ति चुनौतीहरूलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

१. राष्ट्रिय सहकारी नियमन प्राधिकरण र राष्ट्र बैकद्वारा जारी मापदण्डका कारण सदस्य बन्ने बनाउने कुरामा दुबिधा एवं संघ, प्रदेश, स्थानिय तह लगायत बिभिन्न निकायबाट एकै पटक जारी मापदण्ड र निर्देशन पालना गर्ने कार्यमा दुबिधा उत्पन्न ,

२. देशमा सृजित बिबिध प्रकारका आन्दोलन र बित्तीय संस्थाहरूमा थुप्रिएको तरलताका कारण ऋण लगानीमा समस्या,
३. बित्तीय संघ संस्थाबाट लिएको ऋण तिर्नु पर्दैन भन्ने भाष्य सृजना गरी भएको आन्दोलनका कारण ऋण असुलीमा चुनौती ,
४. राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्डले संचालकहरूले ऋण लिन नपाउने प्राबधानका कारणबाट उत्पन्न अन्योल कायम ,
५. देशमा उत्पन्न आर्थिक मन्दी तथा अन्य बिबिध कारणले सदस्यहरूको वित्तीय क्षमता घट्दै जानु, महँगाई वृद्धि र आय स्रोत घटेका कारण नियमित बचत तथा किस्ता भुक्तानीमा कमी आउनु,
६. छाता संघ र बैंकमा गरिएको लगानीबाट गत दुई वर्षदेखि शून्य प्रतिफल, जसले आन्तरिक सन्तुलनमा दबाब सिर्जना गरेको छ,
७. नयाँ सदस्य र युवा पुस्ताको आकर्षण घट्नु , सहकारीप्रति विश्वास अभाव देखिनु ,

**आगामी आर्थिक वर्षका लागि प्रस्तावित सुझावहरू:**

संस्थागत सिकाइ र अनुभवका आधारमा, आगामी आर्थिक वर्षमा संस्थालाई अझ दिगो, सशक्त र सदस्यमैत्री बनाउनका लागि म निम्न सुझावहरू प्रस्तुत गर्न चाहन्छु :-

१. सदस्यमैत्री डिजिटल सेवा विस्तार गर्ने,
२. आन्तरिक शासन प्रणालीलाई अझ सुदृढ बनाउने,
३. बचतकर्ता र लगानीकर्ताबीचको सन्तुलनमा जोड दिने,
४. सहकारी मूल्य र मर्यादालाई सामुदायिक सहकार्यका माध्यमबाट फैलाउने,
५. सदस्य विस्तारमा आत्मनिर्भरता र सबलीकरणमा जोड दिने,
६. ऋण लगानीलाई किस्ताबन्दी प्रणालीमा लैजाने,
७. ऋण असुली प्रक्रिया अझ सशक्त र प्रभावकारी बनाउने,
८. सम्पत्ति शुद्धिकरण मापदण्ड कार्यान्वयनका लागि तालिम तथा आवश्यक प्रणाली विकास गर्ने,
९. ऋण असुलीबाट प्राप्त स्थिर सम्पत्तिलाई शीघ्र बिक्री-वितरण गरी हिसाब मिलाउने,
१०.समिति, उप-समिति र कर्मचारीहरूले सदस्यमैत्री सेवा प्रदान गर्ने संस्कारलाई निरन्तरता दिने ,
११.नयां सदस्य र युवा पुस्ताको आकर्षण बढाउन चाहिने बिधि र पद्धतिको बिकास गरि कार्यान्वयनमा ल्याउने आदि ।

"यी सझावहरूको कार्यान्वयनबाट पारिजात सहकारी अझ सबल, दिगो र आदर्श सहकारीको रूपमा स्थापित हुनेछ भन्ने विश्वास लिएको छु"

अन्त्यमा

१७ वर्षको यो यात्रा हाम्रो श्रम, अनुशासन र एकताको कथा हो । अबको अध्याय अझ उज्यालो होस् भन्ने मेरो विश्वास छ । हामी सबैको साझा सपना हो । पारिजातः सदस्यको गर्व, समाजको गौरव बनाउन पहल गरौ भन्दै संस्थाको समग्र वित्तीय अवस्थामा परामर्श दिदै खास गरी तरलता व्यवस्थापनको पूर्ण जिम्मेवारी पूरा गर्ने मेरा हरेक कार्यमा सदैव सकारात्मक सहयोग गर्ने संस्थाका अध्यक्ष लगायत समिति, अत्याधिक तथ्याङ्क तथा सूचना उपलब्ध गराउने मात्र होइन निर्देशनहरू तत्काल कार्यान्वयन गर्न तत्पर व्यवस्थापक लगायत कर्मचारीहरू एवं समय-समयमा सुझावहरू दिएर सहयोग गर्ने सम्पूर्ण शेयर सदस्य एवं शुभिचन्तकहरूमा धन्यवाद दिन चाहन्छु । जय सहकारी । जय पारिजात ॥

पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को
१७औं वार्षिक साधारण सभामा सचिवद्वारा प्रस्तुत

# आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन



✍ किरण थापा
सचिव

यस पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को १७औं वार्षिक साधारण सभाका सभाअध्यक्ष महोदय, आदरणीय प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, संचालक समितिका पदाधिकारीज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न उप-समितिका सदस्यज्यूहरू, कर्मचारी मित्रहरू, पत्रकारज्यूहरू तथा यस संस्थाको गरिमामय १७औं वार्षिक साधारण सभालाई सफल बनाउन उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरू, बाल बचतकर्ता भाई-बहिनीहरू तथा शुभचिन्तकज्यूहरु सबैलाई संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

"नियमित कारोबार, उत्तरदायी व्यबहार, सुसूचित शेयर सदस्य पारिजातका आधार" भन्ने मूल मन्त्र लाई आत्मासाथ गर्दै समुदायमा छरिएर रहेको स-साना पूँजीलाई संकलन गर्दै समाजमा आर्थिक रूपमा पछाडी परेका वर्गको उत्थान गर्दै सामाजिक तथा आर्थिक आवश्यकतालाई परिपूर्ति गर्ने महत्वपूर्ण माध्यम सहकारीलाई बनाउने उद्देश्य अनुरूप काम गर्दै गरेको यहाँहरूलाई सर्वबिदितै छ । सोही अनुसार संस्थाले सहकारीको मूल्य, मान्यता र मर्म अनुसार नियामनकारी निकायहरूको प्रत्यक्ष निगरानी र अनुगमन पछि प्राप्त निर्देशन, सल्लाह तथा सुझाव, सहकारी ऐन, नियमावली, संस्थाको विनियमको अधिनमा रही हालको प्रतिकुल अवस्थामा पनि सफलतापूर्वक संस्था संचालन गरिएको छ भन्ने विश्वास दिलाउन चहान्छु । आगामी दिनहरूमा पनि हाम्रा शेयर सदस्यहरूको अधिकतम हितमा हरसम्भवका उपायहरू अबलम्बन गरी अघि बढीरहने छौं साथै यहाँहरूले गरेको बचतको सुरक्षामा प्रतिबद्धता पनि जाहेर गर्दछौ ।

सहकारीमा देखिएका समस्यालाई नियमन गर्न सरकारले राष्ट्रिय नियमन प्राधिकरण गठन गरिसकेको छ । प्राधिकरण गठन पश्चयात प्राधिकरणले जारी गरेको मापदण्डमा भएका प्रमुख बुदाँहरू मध्ये प्राथमिक पूँजी गणना, व्यक्तिगत बचत तथा ऋण सीमा, संचालक समितिको संख्या, ऋण वर्गिकरण, ऋण नोक्सानी व्यवस्था, तरलता गणना, पूँजी कोष सम्बन्धि व्यवस्था र २५ करोड भन्दा माथिका बचत तथा ऋणको कारोवार गर्ने संस्थालाई ठूलो कारोबार गर्ने संस्था भनि परिभाषित गरेको छ ।

हाल बजारमा आर्थिक मन्दी चलिरहेको छ त्यसमाथी सहकारी नियामन निकायले सहकारीलाई वित्तिय संस्थाकै तहमा राखी बचत तथा ऋण क्रियाकलापलाई संकुचन गर्न खोजेको छ । सहकारी क्षेत्रमा देखा परेको आर्थिक विचलनको कारणले समग्र सहकारी क्षेत्र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नकारात्मक प्रभाव परेता पनि संस्थाको स्थायित्वको लागि निस्वार्थ, कुनै आर्थिक प्रलोभनमा नपरी, पारदर्शीताका साथ निर्भिक भै हामी सबैको सामूहिक प्रयासबाट सहकारीमा आबद्ध सदस्यहरूलाई अपनत्वको आभाष दिलाउने गरी अहोरात्र खटिई रहेका छौ । जसका कारण आजको यस आर्थिक मन्दीमा पनि यहाँ सदस्यहरूको विश्वास र सदभावले गर्दा २०८१ असार मसान्त सम्म संस्थामा आवद्ध सदस्य संख्या २७०९ रहेकोमा यस आ.व. को २०८२ असार मसान्त सम्ममा ११४ जनाले सदस्यता लिनु भएको छ भने, बसाईसराई, मृत्यू, दोहोरो सदस्यता लगायतका कारण देखाई ८३ जना सदस्यहरूले सदस्यता खारेज गरि मिति २०८२/०३/३२ सम्ममा सदस्यता संख्या २७४० पुगेको छ। जसका कारण संस्था निर्धक्क अगाडी बढिरहको छ । यसको सम्पूर्ण श्रेय तँपाई शेयर सदस्य महानुभावहरूलाई नै दिन चाहन्छौं । यहाँहरूको नियमित कारोबारले हामीलाई थप प्रेरणा तथा उर्जा मिलेको छ । आगामी दिनहरूमा यसै गरी साथ, सहयोग, विश्वास र मायाँ मिलिरहने छ भन्ने पूर्ण विश्वास लिएका छौ ।

आदारणीय शेयर सदस्यज्यूहरू, अब म यस संस्थाले आ.व. २०८१/०८२ मा गरेका तथा भावी दिनहरूमा गर्ने कार्यक्रमहरूको बारेमा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु ।

**१. बैठक संचालनको अवस्था**:-

आ.व.२०८१/८२ मा संस्थाको दैनिक कार्य संचालन गर्न नियमित तथा आवश्यकता अनुसार संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा बिभिन्न उप-समितिहरूको बैठकको विवरण यस प्रकार छ ।

- संचालक समिति बैठक-नियमित- १८ पटक, विशेष - ४ पटक, आकस्मिक - २ पटक, ऋण - ३२ पटक गरि जम्मा ५६ पटक बैठक बसेको
- लेखा सुपरिवेक्षण समिति -४ पटक
- ऋण लगानी तथा असुली उप-समिति नियमित ४८, आकस्मिक- ९ पटक गरि जम्मा- ५७ पटक
- शिक्षा उप-समिति- ६ पटक
- महिला जागरण तथा सशक्तिकरण उप-समिति- ६ पटक

**२. कार्यालय व्यवस्थापन**:

संस्थाको कार्यालय संचालनको समय शेयर सदस्य महानुभावहरूलाई सहज हुने गरी सेवा प्रदान गर्न कार्यालय समय आईतबार देखी विहिबार सम्म १० बजे देखि ५ बजेसम्म र शुक्रबार १० बजे देखि ३ बजे सम्म (कार्तिक १५ देखी माघ १५ गते सम्म १० बजे देखी ४:३० सम्म र शुक्रबार १० बजे देखि ३ बजे सम्म) समय कायम गरी कार्यालय संचालन गरिएको छ । कार्यालय व्यवस्थापनका लागि तपसिल बमोजिमका विज्ञ सहित कर्मचारीहरूको व्यवस्था गरिएको छ।

- तरलता व्यवस्थापन निर्देशक -१
- प्रबन्धक - १
- वरिष्ठ ऋण / लेखा अधिकृत -१
- नगद अधिकृत -१
- सा.प्रशासकिय अधिकृत -१
- लेखा सहायक - १
- ऋण सहायक- २
- कार्यालय सहयोगी -१

**३. तालिम तथा वृत्ति विकासका कार्यक्रम संचालन**

यस संस्थामा कार्यरत कर्मचारी तथा संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा सम्पूर्ण उप-समितिमा रही कार्य गर्नुहुने सदस्यहरूको वृत्ति विकासका लागि आवश्यक तालिम तथा गोष्ठीमा सहभागी गराईने गरिएको छ । यसै क्रममा यस आर्थिक वर्षमा सञ्चालक समिति सदस्य श्री फूलकुमारी याखाले राष्ट्रिय सहकारी महासंघ बाट सञ्चालन भएको तीन महिने डिप्लोमा इन कोअपरेटिभ म्यानेजमेन्ट कोर्समा सहभागी भई सफलता पूर्वक सम्पन्न गर्नुभएको थियो । यस बाट पदाधिकारीहरू, सदस्यहरू र कर्मचारीहरूको क्षमता वृद्धि भई संस्थाको विकास तथा विस्तारमा उल्लेखनिय योगदान रहने आशा हामीले लिएका छौं, साथै संचालक समितिले शेयर सदस्यहरूको क्षमता वृद्धि विकासका लागि पनि संस्थाले विभिन्न आय आर्जन मुलक तालिमको व्यवस्था गर्दै कार्यक्रमहरू अगाडी बढाईने छ भन्ने जानकारी गराउन चाहन्छौं ।

**४. संघ, संस्थाको कार्यक्रममा सहभागिता**:-

राष्ट्रिय सहकारी बैंक लिमिटेड, नेपाल बचत तथा ऋण केन्द्रीय संघ लि., बागमती प्रदेश सहकारी संघ, सहकारी प्रशिक्षण केन्द्र, जिल्ला सहकारी संघ भक्तपुर, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लगायत संघ संस्थाहरूबाट आयोजना गरिएको विभिन्न विषयका तालिम गोष्ठी लगायतका कार्यक्रमहरूमा संस्थाका कर्मचारी, संचालक समिति, उप-समितिहरू तथा शेयर सदस्यहरूलाई आलो पालो गरि भौतिक तथा अनलाइन मार्फत तालिमका कार्यक्रमहरूमा सहभागी गराउँदै आएका छौं ।

**५. संस्थाले आ.व. २०८१/०८२मा गरेका कार्यक्रमहरू-**

देशमा हाल कायम रहेको आर्थिक मन्दीका बावजुद पनि यस संस्थाले तपसिल बमोजिमका कार्यक्रमहरू सम्पन्न गरेको थियो:

| क्र.स. | संस्थाले सम्पन्न गरेका कार्यक्रमहरू | उपस्थित संख्या | कार्यक्रम भएको मिति |
|---|---|---|---|
| १ | रक्तदान कार्यक्रम | ७५ जना | २०८१।०५।०७ |
| २ | आँखा तथा छालाको जाँच | २०० जना | २०८१।०५।०८ |
| ३ | नेपाल जेष्ठ नागरिक सेवा सहकारी संस्थालाई सहयोग | रकम रू.२०,०००/- | २०८१/०५/३१ |
| ४ | साधारण सभा | १६२४ जना<br>पु.६२० म.९९९ संस्थागत.५ | २०८१।०८।२९ |
| ५ | जेष्ठ शेयर सदस्य सम्मान तथा अनुशिक्षण कार्यक्रम | ५९ जना | २०८१।१०।०४ |
| ६ | कटुन्जे स्वास्थ्य चौकीलाई ECG मेसीन र ECG ट्रे सहयोग | रकम रू.१,००,०००/- | २०८१/१०/०९ |
| ७ | अर्धवार्षिक समीक्षा कार्यक्रम | १०९ जना | २०८१/११/१६ |
| ८ | पाठेघरको मुखमा हुने क्यान्सर सम्बन्धि VIA TEST | ११६ जना | २०८१/११/२४ |
| १० | सडक तथा सार्वजनिक स्थलमा वेवारिसे अवस्थाका मानवहरूको व्यवस्थापनका लागि भवन निर्माणमा सहयोग वापत नगद रकम प्रदान | रकम रू.३१००५/- | २०८२/०१/०४ |
| ९ | सदस्य शिक्षा कार्यक्रम | ७५ जना | २०८२/०१/१८ |
| ११ | सामाजिक सेवा अन्तर्गत स्पाईनल कर्ड इन्जुरी नेपाल संस्थालाई सामान वितरण, | रू.३२,७८६/४५ | २०८२/०३/२८ |

**६. संस्थाको आवद्धता:-**

- राष्ट्रिय सहकारी बैक लि.
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कुन
- बागमती प्रदेश सहकारी संघ लि.
- जिल्ला सहकारी संघ लि., भक्तपुर
- भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुर

**७. ऋण स्वीकृत तथा व्यवस्थापन:-**

ऋण प्रक्रियालाई सरल, सहज, छिटो र प्रभावकारी रूपमा लगानी गर्ने वातावरण निर्माण गरिएको छ। साथै ब्याजदरमा नेपाल सरकारको सन्दर्भ ब्याजदर भन्दा कम ब्याजदरमा नै ऋण लगानी गर्ने गरिएको छ।

**आ.व. २०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू:**

सहकारी ऐन भित्र रही सदस्यता वृद्धिमा खुल्ला तथा स्वेच्छिक नीतिमा जोड दिइने छ।

१. संस्थाको संस्थागत पूँजी वृद्धिको लागि संस्थाले विभिन्न रणनीतिक कार्यहरू अवलम्वन गरी पूँजी वृद्धि गरिने छ।
२. सहकारी ऐन भित्र रही सदस्यता वृद्धिमा खुल्ला तथा स्वेच्छिक नीतिमा जोड दिइने छ।
३. महिला सदस्यहरूको क्षमता अभिवृद्धि तथा रोजगारी सृजनाको लागि आवश्यक सीपमूलक तालिमहरू र व्यवसायिक योजनाहरू तर्जुमा गरी प्रोत्साहन गरिनेछ।
४. कर्मचारीहरूको सेवा सुविधालाई संस्थाको क्षमता अनुसार वृद्धि गर्दै जाने र वृद्धि विकासको लागि आवश्यक

तालिम गोष्ठी र अध्ययन भ्रमणमा सहभागी गराई दक्ष र सक्षम कर्मचारी तयार गरिनेछ ।

५. आ.व. २०८१/२०८२ सम्म भाखा नाघेको ऋणहरूलाई संस्थाको योजना अनुरूप समयमै ताकेता र सचेत गराउने, अझै अटेर गरी बस्ने सदस्यहरूलाई कानूनी प्रक्रिया अवलम्वन गरी भाखा नागेका ऋणी शेयर सदस्यहरुको नामावली संस्थाको सूचनापाटी र वार्षिक प्रतिवेदनमा प्रकाशन गर्ने निति अवलम्वन गरिनेछ साथै ऋण असुली का लागी धितोलिलाम प्रक्रिया अगाडी बढाईने कार्यलाई निरन्तरता दिईने छ ।

६. उत्कृष्ट सहकारी संस्थाहरूको अवलोकन भ्रमण गरी संस्थाबाट गर्नुपर्ने र सिक्नुपर्ने सुधारका कामहरूलाई निरन्तरता दिइने छ ।

७. संस्थाको आवश्यकता बमोजिम नीति तथा कार्यविधि संशोधन गरी समयानुकूल लागु गर्ने एवं सोको जानकारी सम्बन्धित निकायहरूमा गराइने छ ।

८. सदस्यहरूलाई अधिकतम लाभ प्रदान गर्न पहल गर्ने ।

९. शेयर सदस्यका एकाघर परिवारका सदस्यलाई संस्थाको सदस्यता प्रदान गर्न आवश्यक पहल गर्ने ।

१०.नियमित बचत नगर्ने सदस्यहरूको संस्थाबाट प्राप्त हुने विभिन्न सेवा, सुविधा उपलव्ध गराउन संस्था बाध्य नहुने नीति लिईने छ ।

११.नियमित रूपमा बचत र ऋणको कारोबार गर्ने शेयर सदस्यहरूलाई संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरण गर्ने ।

१२.सदस्यहरूलाई उत्पादनमुखी व्यवसाय तर्फ उन्मुख गराउँदै ऋण लगानी कार्य गर्न उत्प्रेरित गर्ने ।

१३.उत्पादनमूलक, सीपमूलक व्यवसायको लागि सर्वसुलभ रूपमा ऋण प्रदान गर्ने ।

१४.ऋण लगानी गर्नु अगाडी 5C को विश्लेषण गरी ऋण लगानी गर्ने सिद्धान्तलाई पालना गर्ने ।

१५.शेयर सदस्यहरूलाई विभिन्न चेतनामुलक कार्यक्रमहरू संचालन गर्ने साथै संस्थाको बारेमा सु-सूचित गराउने किसिमका विभिन्न भेला, गोष्ठी, सदस्य शिक्षा शिविर आदि कार्यक्रमहरू संचालन गर्ने ।

१६.जेष्ठ सदस्यहरूलाई विशेष सुविधा सहित सम्मान कार्यक्रमहरूलाई निरन्तरता दिईने छ ।

१७.सदस्यहरूलाई दिईने सुविधाहरूमा अझ विशिष्टिकृत गर्दै लैजाने नीतिलाई निरन्तरता दिईने छ ।

१८.नियमित बचत र ऋणको सावाँ, ब्याज, किस्ता नियमित नगर्ने सदस्यहरूलाई समिति उप- समितिमा बस्न नपाउने नीति अवलम्वन गर्ने साथै धितो लिलामीको प्रक्रिया अगाडी बढाई ऋण असुलीलाई निरन्तरता दिईने छ ।

१९. संस्थामा सदस्य भई ५ वर्ष नपुगेका सदस्यको देहान्त भएमा सहानुभूति वापतको नगद राशि रू.१०,०००।-र ५ वर्ष भन्दा बढी अवधि भएका सदस्यको देहान्त भएमा सहानुभूति वापतको नगद राशि रू.२०,०००।-सहित समवेदना-पत्र प्रदान गरिदै आएकोमा यसलाई समयसापेक्ष रूपमा वृद्धि गर्न कोष वृद्धिका लागी स्रोत जुटाउन पहल गरिने छ ।

२०.सामाजिक संन्जाल Website, SMS, Facebook, Mobile Apps मार्फत संस्थाको गतिबिधिको बारेमा सदस्यहरूलाई सुसुचित गराउने कार्य गरिने छ ।

## आगामी कार्यक्रमहरू:

१. सम्पत्ति शुद्धीकरण सम्बन्धि कार्यक्रम,
२. बचत तथा ऋण प्रर्वद्धनात्मक कार्यक्रम,
३. ऋणको सदुपयोगिता जाँच गर्ने कार्यक्रम,
४. समुदायमा सम्पदा र वातावरण जर्गेना सम्बन्धि कार्यक्रम,
५. संस्था संचालनमा प्रविधिमैत्री बनाउदै जाने, जस्तै Mobile Apps संचालनमा ल्याउने,
६. सहकारी शिक्षा एवं स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिने,
७. सामाजिक उत्तरदायित्वलाई थप प्रभावकारी रूपमा संचालन गर्ने,
८. सदस्यहरूको आय क्षमता बढाउन उत्पादनमुलक, रोजगारीमुलक र सीपमुलक तालिमहरूको आयोजना गर्ने,
९. संस्थाको कारोबारलाई Cloud Data मार्फत सुरक्षित गर्ने,

१०. संस्थाको नाममा लिलामबाट आएका सम्पत्ती बिक्रि वितरण गर्ने,

११.आगामी साधारण सभाको प्रतिवेदनमा २०८२/०८३ सम्ममा भाखा नाघेका ऋणीहरूको नाम र धितोको विवरण वार्षिक प्रतिवेदनमा प्रकाशन गर्ने,

माथि उल्लेखित आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र आ.व.२०८२/०८३ को प्रस्तावित कार्यक्रमहरू सफलताको लागि समिति, उप-समितिका पदाधिकारीहरू, कर्मचारी मित्रहरू, सल्लाहकारज्यूहरू र सम्पूर्ण शेयर सदस्यज्यूहरूको सक्रिय सहभागिता र योगदानद्धारा नै नीति तथा कार्यक्रम सफल हुने हुँदा सहयोगको अपेक्षाका साथ कार्यक्रम पारित गरि दिनुहुन यस सभा समक्ष पेश गर्दछु । अन्त्यमा प्रस्तुत प्रगती प्रतिवेदन तथा बार्षिक नीति तथा कार्यक्रम अध्ययन गरी यसमा कुनै कमी कमजोरी भएमा औंल्याई लिखित सुझाव, सल्लाह दिई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु । साथै यस संस्थाको १७औं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद । जय सहकारी ॥ जय पारिजात ॥।

## सदस्य बन्न चाहिने आवश्यक कागजातहरू

१. नागरिकताको प्रतिलिपि १ प्रति
२. राष्ट्रिय परिचय पत्रको प्रतिलिपि १ प्रति
३. पासपोर्ट साईजको फोटो ४ प्रति
४. हकवालाको फोटो र नागरिकताको प्रतिलिपि १/१ प्रति
५. भक्तपुरको नागरिकता प्रमाण-पत्र नभएमा जग्गाधनी प्रमाण-पुर्जा वा मतदाता परिचय पत्रको प्रतिलिपि १ प्रति
६. परिचय गराउने २ जना पुराना शेयर सदस्य
७. संस्थाले तोकेबमोजिमको शुल्क

## ऋण लिदा चाहिने आवश्यक कागजातहरू

१. ऋण आवेदन
२. फोटो १ प्रति
३. नागरिकताको प्रतिलिपि १ प्रति
४. शेयर प्रमाण पत्र
५. जग्गाधनी प्रमाण पुर्जा
६. चार किल्ला प्रमाणीत
७. तिरो तिरेको रसिद
८. जग्गाको ट्रेस नक्सा
९. आम्दानीको स्रोत
१०. एकासगोलका अंशियारहरूको मन्जुरीनामा

पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को
१७औं वार्षिक साधारण सभामा कोषाध्यक्षद्वारा प्रस्तुत

# आ.व. २०८१/०८२ को वित्तिय प्रतिवेदन



✍ श्याम कृष्ण मास्के
कोषाध्यक्ष

यस सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यू, संचालक समितिका पदाधिकारीज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू,सल्लाहकारज्यूहरू, विभिन्न उप-समितिका संयोजक एवं सदस्यज्यूहरू, यस संस्थाका कर्मठ एवं मृदुभाषी कर्मचारीहरू साथै सम्पूर्ण शेयर सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण अतिथि महानुभावहरूमा हार्दिक न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

हालको विकराल आर्थिक परिस्थितिमा पनि तपाईहरूको माया विश्वास र नियमित कारोबारका कारण यस पारिजात बचत तथा ऋण सहकारी संस्थाले आज हजुरहरू माझ १७औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गरिरहेको छ । स्थापना कालदेखि हालको अवस्थासम्म आईपुग्दा सामाजिक संरचना, आर्थिक अवस्था, प्रबिधिको पहूँच र सुबिधा, मुद्राको मूल्य, व्यापार-व्यवसाय संचालन प्रक्रिया लगायत धेरै कुरामा परिवर्तन भएको छ । समय सापेक्ष जीवन जिउने, सेवा दिने र लिने प्रक्रियामा, चाहना र आवश्यकतामा परिवर्तन भएको छ । समय संग संगै आएका कतिपय परिवर्तनलाई संस्थाले आत्मसात गरी लागु गरेको छ भने कतिपय क्रमश गरिने नै छ । संस्थालाई लक्ष्य अनुरूप अगाडि बढाउने क्रममा आउने परिवर्तनलाई आत्मसात गर्दै सोही अनुसार सेवा प्रणालिमा सुधार गर्दै अगाडि बढ्ने प्रतिबद्धताका साथ कोषाध्यक्षका तर्फबाट यस आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अहिलेको कठिन अवस्थामा पनि तपाई शेयर सदस्यज्यूहरूले गर्नुभएको विश्वासका कारण यस वर्ष शेयर पूजिँमा रू.११,०४,०४,०००/- रहेको छ भने संस्थागत पुँजी तर्फ रू.१०,०८,६०,५७१/- पुर्याउन सफल भएका छौं । आ.व.२०८०/०८१ मा रू.७७,५८,२९,९२५/- ऋण बांकी रहेकोमा आ.व.२०८१/०८२ मा जम्मा ऋण लगानी रू.८१,३७,३३,०९६/- पुगेको छ । असुली तर्फ भने रू.५७,७०,३७,९९८/- असुल उपर गर्न सफल भएको व्यहोरा सम्पूर्णमा अवगत गराउन चाहन्छु । ऋण लगानी तथा असुलीको सन्दर्भमा यस वर्ष व्यापार व्यवसायको संकुचनले व्यवसायिहरूमा ऋणको सावाँ, ब्याज भुक्तानी क्षमतामा पनि ह्रास आएको देखिन्छ । यस्तो परिवेशमा पनि ऋण असुलीलाई पहिलो प्राथमिकतामा राखी ऋणी सदस्यलाई साँवा व्याज भुक्तानीमा सहजीकरण गरिएकोले यो प्रगति सम्भव भएको हो । निक्षेप तर्फ सदस्यहरूको अटुट विश्वासको फलस्वरूप यस वर्ष रू.८२,१६,२१,६४९/- जम्मा रहेको छ । यो रकम अघिल्लो बर्षको भन्दा रू.११,१७,५४,३८१/- ले बढी छ । सदस्यहरूले गत बर्ष भन्दा बढी निक्षेप सुरक्षित राख्नु भएको अवस्थाले हामीलाई सदा सर्वदा सदस्यको सन्तुष्टीलाई उच्च प्राथमिकतामा राखी काम गर्ने क्षमतामा ठूलो उर्जा प्रदान गरेको महसुश भएको छ । यस प्रकार आ.व.२०८१/०८२ मा संस्थाको जम्मा पूँजी तथा दायित्व रू.१,०६,९८,१४,२४१/- पुर्याउन सफल भएका छौं ।

यस संस्थालाई प्रभावकारी बनाउन हामीले हाम्रा शेयर सदस्यज्यूहरू, समिति उप-समितिका सदस्यज्यूहरू, कर्मचारीहरूको लगनशीलता र सल्लाहकारज्यूहरूको प्रत्यक्ष अप्रत्यक्ष निगरानीमा संचालन गर्दै आएका छौं । अतः सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा यस संस्थाको कोषाध्यक्षको तर्फबाट हृदय देखिनै धन्यवाद ज्ञापन गर्न चाहन्छु । तपाईहरूको निरन्तर विश्वासको अपेक्षा गर्दै सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई बढी भन्दा बढी सेवा सुविधा पुर्याउन संस्था संक्षम होस भन्ने कामना गर्दछु ।

आदरणीय शेयर सदस्य महानुभावहरूमा , यस सम्मानित सभा समक्ष संस्थाको गत आ.व.२०८१/०८२ को वास्तविक वित्तीय विवरण तथा चालु आ.व.२०८२/०८३ को लागि संस्थाले तय गरेको तपशील बमोजिमको अनुमानित वित्तीय लक्ष्य विवरण (बजेट) यसै साधारण सभामा पेस गर्ने अनुमति चाहन्छु ।

## आ.व.२०८१/०८२ को वास्तविक खर्च
एवं
## आ.व.२०८२/०८३ को लागि प्रस्तावित वार्षिक वजेट

| क्र.स | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२-०३-३२ सम्मको वास्तविक प्रगति | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | २०० | ११४ | ५७% | १५० | |
| २ | शेयर पुंजी | ११,५०,००,००० | ११,०४,०४,००० | ९६% | ११,१०,००,००० | |
| ३ | कुल वचत | २,४५,७५,००,००० | २,२१,९३,५१,९६१ | ९०% | २,४९,९०,००,००० | |
| ४ | कुल ऋण लगानी | ६६,५०,००,००० | ६१,७१,४९,००० | ९३% | ७०,५०,००,००० | |
| ५ | स्थिर सम्पत्ति | ५,००,००० | १,६७,१७८ | ३३% | ७,००,००० | |
| ६ | पुंजी तथा दायित्व | १,००,००,००,००० | १,०६,९८,१४,२४१ | १०७% | १,१०,००,००,००० | |
| ७ | **कुल आम्दानी** | १५,२२,३०,००० | **१३,९७,१४,७६०** | ९२% | **१४,२४,०५,०००** | |
| ८ | **खर्च** | **१०,२४,४९,०००** | **१०,५०,२०,८६२** | १०३% | **१०,१३,९४,५००** | |
| ९ | कर योग्य वचत(Surplus)(७-८) | ४,९७,८१,००० | ३,४६,९३,८९८ | ७०% | ४,१०,१०,५०० | |
| १० | **खुद वचत(Surplus) (कर कट्टी पछिको)** | **४,५६,८०,७३७** | **३,१२,६८,२३८** | **६८%** | **३,६९,०९,४५०** | |
| ११ | **कोष बाँडफाँड(अनुमानित)** | | | | | |
| क | साधारण जगेडा कोष | १,१४,२०,१८४ | ७८,१७,०५९ | | ९२,२७,३६३ | |
| ख | संरक्षित पुजी फिर्ता कोष | ८५,६५,१३८ | ५८,६२,७९४ | | ६९,२०,५२२ | |
| ग | सहकारी प्रवर्धन कोष | १,७१,३०३ | १,१७,२५६ | | १,३८,४१० | |
| घ | शेयर लाभाँश कोष | १,६५,९०,६७३ | १,१३,५६,२३३ | | १,३४,०५,०५१ | |
| ङ | कर्मचारी वोनस कोष | १२,७६,२०६ | ८,७३,५५६ | | १०,३१,१५८ | |
| च | घाटा पुर्ति कोष | १२,७६,२०६ | ८,७३,५५६ | | १०,३१,१५८ | |
| छ | सहकारी शिक्षा कोष | १२,७६,२०६ | ८,७३,५५६ | | १०,३१,१५८ | |
| ज | सामुदायिक विकास कोष | १२,७६,२०६ | ८,७३,५५६ | | १०,३१,१५८ | |
| झ | संस्था स्थिरीकरण कोष | १२,७६,२०६ | ८,७३,५५६ | | १०,३१,१५८ | |
| ञ | सहकारी विकास कोष | १२,७६,२०६ | ८,७३,५५६ | | १०,३१,१५८ | |
| ट | अन्य जोखिम व्यवस्थापन कोष | १२,७६,२०६ | ८,७३,५५६ | | १०,३१,१५८ | |
| | **जम्मा** | ४,५६,८०,७३७ | ३,१२,६८,२३७ | | ३,६९,०९,४५० | |

## क. ऋण लगानी तर्फ

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/०३/३२ सम्मको वास्तविक लगानी | प्रगति प्रतिशतमा | २०८२/03/३२ सम्मको बांकी ऋण | आ.व.२०८२/८३ का लागि प्रस्तावित लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आयमूलक ऋण | ११,००,००,००० | ११,२५,२२,००० | १०२% | १३,२७,२७,०३२ | १२,३७,००,००० |
| २ | कृषि ऋण | १०,००,००,००० | ८,०७,८०,००० | ८१% | ८,८०,९८,४९३ | ८,८८,००,००० |
| ३ | व्यापारिक ऋण | ३०,००,००,००० | २९,५९,१५,००० | ९९% | ५२,२५,७५,२४८ | ३२,५५,००,००० |
| ४ | शैक्षिक ऋण | २,५०,००,००० | १,८०,५०,००० | ७२% | २,२७,२८,५३९ | २,७०,००,००० |
| ५ | सवारी साधन ऋण | १,००,००,००० | ९८,५०,००० | ९९% | १,६५,०६,२१९ | १,५०,००,००० |
| ६ | घर जग्गा ऋण | ४,००,००,००० | ५,२५,५०,००० | १३१% | ६,१२,१९,३२१ | ६,००,००,००० |
| ७ | आवधिक ऋण | ३,००,००,००० | १,४७,७०,००० | ४९% | ४५,२०,००० | २,५०,००,००० |
| ८ | व्यक्तिगत ऋण | ५,००,००,००० | ३,२७,१२,००० | ६५% | ३,५५,७०,६५८ | ४,००,००,००० |
| **जम्मा** | | **६६,५०,००,०००** | **६१,७१,४९,०००** | **९३%** | **८८,३९,४५,५१०** | **७०,५०,००,०००** |

## ख. ऋण असुली तर्फ

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/३/३२ सम्मको वास्तविक असुली | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि असुली लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आयमूलक ऋण | १५,००,००,००० | १०,६०,३३,९९१.९३ | ७१% | ११,८०,००,००० | |
| २ | कृषि ऋण | १०,००,००,००० | ९,८७,२१,६७८.६९ | ९९% | ८,१५,००,००० | |
| ३ | व्यापारिक ऋण | ३०,००,००,००० | २४,४९,२०,७३१.६३ | ८२% | ३९,००,००,००० | |
| ४ | शैक्षिक ऋण | ३,५०,००,००० | २,०५,४७,०९९.३० | ५९% | २,३०,००,००० | |
| ५ | सवारी साधन ऋण | १,००,००,००० | १,१३,०१,६७९.५७ | ११३% | १,४५,००,००० | |
| ६ | घर जग्गा ऋण | ४,००,००,००० | ३,९८,९३,१३५.८४ | १००% | ५,६०,००,००० | |
| ७ | आवधिक ऋण | ३,००,००,००० | १,६५,५७,५६४.०० | ५५% | १,४०,००,००० | |
| ८ | व्यक्तिगत ऋण | ५,००,००,००० | ३,९०,६२,०७७.०० | ७८% | ३,९५,००,००० | |
| | जम्मा | ७१,५०,००,००० | ५७,७०,३७,९५७.९६ | ८१% | ७३,६५,००,००० | |

## ख.१ वाह्य ऋण तर्फ

| क्र.स. | शिर्षक | आ.व.२०८१/८२ का लागि प्रस्तावित | २०८२/३/३२ सम्मको वास्तविक वाह्य ऋण | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वाह्य ऋण | ५,००,००,००० | – | ०% | ६,५०,००,००० | |

## ख.२ वाह्य ऋण भुक्तानी तर्फ

| क्र.स. | शिर्षक | आ.व.२०८१/८२ का लागि प्रस्तावित | २०८२/३/३२ सम्मको वास्तविक भुक्तानी | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वाह्य ऋण | २,५०,००,००० | – | ०% | ४,५०,००,००० | |

## ग. बचत संकलन तर्फ

| क्र.स. | शीर्षक | आ.व.२०८१/८2 को लक्ष्य | २०८२/03/३२ सम्मको वास्तविक संकलन | प्रगति प्रतिशतमा | २०८२/03/३२ सम्मको बांकी बचत | आ.व.२०८२/८३ का लागि प्रस्तावित |
|---|---|---|---|---|---|---|
| १ | साधारण बचत | १,२५,००,००,००० | १,२९,३५,९९,०२५ | १०३% | ११,९५,७३,२८४ | १,३८,००,००,००० |
| २ | नियमित बचत | ६,००,००,००० | ५,७९,२३,३७३ | ९७% | १७,८५,१५,२०४ | ६,५०,००,००० |
| ३ | आवधिक बचत | २५,००,००,००० | २५,५२,५३,२०० | १०२% | २५,१०,७९,१०० | २६,००,००,००० |
| ४ | गृहिणी बचत | २,००,००,००० | ४,०७,०३,०२४ | २०४% | ३,९१,९९,००६ | ३,५०,००,००० |
| ५ | खूत्रूके बचत | १,५०,००,००० | १,२७,२१,७२९ | ८५% | ५,६७,५०,५६५ | १,६०,००,००० |
| ६ | विशेष बचत | ८०,००,००,००० | ५१,०१,९३,५०० | ६४% | १०,३०,४८,००२ | ७०,००,००,००० |
| ७ | दैनिक बचत | ३,५०,००,००० | ९०,९९,०३५ | २६% | १३,२०,७४१ | १,००,००,००० |
| ८ | स्वर्णिम बचत | २,५०,००,००० | ३,८१,९४,७३४ | १५३% | ६,३६,७१,९३६ | ३,००,००,००० |
| ९ | अन्य बचत | २५,००,००० | १६,६४,३४१ | ६७% | ८४,६३,८११ | ३०,००,००० |
| | जम्मा | २,४५,७५,००,००० | २,२१,९३,५१,९६१ | ९०% | ८२,१६,२१,६४९ | २,४९,९०,००,००० |

## घ. आम्दानी तर्फ

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/०३/३२ सम्मको वास्तविक आम्दानी | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ऋणबाट व्याज प्राप्त | १३,७५,००,००० | १२,८७,५०,६६१ | ९४% | १३,००,००,००० | |
| २ | विलम्ब शूल्क | ५,००,००० | १,२६,६८६ | २५% | १,००,००० | |
| ३ | वैकवाट प्राप्त व्याज | ६०,००,००० | ३५,०१,४६४ | ५८% | ३५,००,००० | |
| ४ | शेयर लगानी वाट प्राप्त लाभांश | १०,००,००० | ३,५२,७४९ | ३५% | ११,००,००० | |
| ५ | ऋण व्यवस्थापन शूल्क | ६०,००,००० | ५९,३३,७४० | ९९% | ६५,००,००० | |
| ६ | वहाल तथा भाडा | ७,८०,००० | ७,८५,००० | १०१% | ७,८०,००० | |
| ७ | सरक्षित पुंजी फिर्ता | १,००,००० | ८,४५३ | ८% | १,००,००० | |
| ८ | सेवा शुल्क (SMS) | १,००,००० | ५७,२०० | ५७% | १,००,००० | |
| ९ | संस्था विकास शुल्क | १,००,००० | ५७,००० | ५७% | ७५,००० | |
| १० | विविध आम्दानी | १,५०,००० | १,४१,८०७ | ९५% | १,५०,००० | |
| | जम्मा | १५,२२,३०,००० | १३,९७,१४,७६० | ९२% | १४,२४,०५,००० | |

## ङ. कर्मचारी खर्च तर्फ

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/०३/३२ सम्मको वास्तविक खर्च | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कर्मचारी तलब तथा भत्ता | २८,५०,००० | २८,००,८४२ | ९८% | ३३,०५,००० | |
| २ | कर्मचारी संचयकोष खर्च | १,८२,००० | १,८१,२२४ | १००% | १,८७,००० | |
| ३ | पोशाक | ९०,००० | ८०,००० | ८९% | १,००,००० | |
| ४ | कर्मचारी विदा खर्च | ९४,००० | ८४,२६० | ९०% | ९५,००० | |
| ५ | कर्मचारी खाजा खर्च | १,५३,००० | १,४१,००० | ९२% | १,६२,००० | |
| ६ | कर्मचारी उपदान | २,००,००० | १,८६,०२० | ९३% | २,००,००० | |
| ७ | विज्ञ तथा परामर्श खर्च | ११,५०,००० | १०,४४,९८४ | ९१% | १०,४५,००० | |
| ८ | सुरक्षा खर्च | १,५०,००० | – | ०% | २,००,००० | |
| | जम्मा | ४८,६९,००० | ४५,१८,३३० | ९३% | ५२,९४,००० | |

## च. प्रशासनिक खर्च तर्फ

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८१/०३/३२ सम्मको वास्तविक खर्च | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साधारणसभा खाना+खाजा खर्च | १२,००,००० | ११,२३,६६७ | ९४% | १३,००,००० | |
| २ | वार्षिक उत्सव खर्च | ४०,००० | ३८,९८० | ९७% | ३१,००० | |
| ३ | वाह्य लेखा परिक्षण शूल्क | १,७५,००० | १,६९,५०० | ९७% | १,६९,५०० | |
| ४ | आन्तरिक लेखा परीक्षण | ३०,००० | ३०,००० | १००% | ५०,००० | |
| ५ | बैंक चार्ज | १०,००० | ६,९१३ | ६९% | १०,००० | |
| ६ | सरसफाई | ३७,००० | २४,९६३ | ६७% | ३०,००० | |
| ७ | विद्युत महसुल खर्च | १,५०,००० | ९१,२३३ | ६१% | १,५०,००० | |
| ८ | इन्धन | ३०,००० | २१,७५० | ७३% | ३०,००० | |
| ९ | बिमा खर्च | २,००,००० | १,६८,४९४ | ८४% | २,००,००० | |
| १० | किचेनको सामग्री | ३०,००० | २५,२३२ | ८४% | ३०,००० | |
| ११ | पत्रपत्रिका | ५०,००० | ५०,७०० | १०१% | १,००,००० | |
| १२ | मसलन्द तथा छपाइ | १,५०,००० | १,०३,१६६ | ६९% | १,५०,००० | |
| १३ | पुजा सामग्री | २०,००० | ९,०१५ | ४५% | २०,००० | |
| १४ | कर तथा दस्तुर | ५०,००० | ३९,७८० | ८०% | ७५,००० | |
| १५ | नविकरण शुल्क | ३०,००० | ८,४२७ | २८% | २०,००० | |
| १६ | **मर्मत सम्भार** | | | | | |
| क | कार्यालय भवन | ३,००,००० | ५३,८०२ | १८% | ३,००,००० | |
| ख | सवारी साधन (स्कुटर) | २५,००० | ३,४५० | १४% | १५,००० | |
| ग | कार्यालय सामग्री | १,००,००० | ४५,०४५ | ४५% | १,००,००० | |
| १७ | /कम्प्युटर मर्मत खर्च | १,००,००० | २९,९२० | ३०% | १,२५,००० | |
| १८ | समवेदना खर्च | ४८,००० | ३०,५०५ | ६४% | ५०,००० | |
| १९ | अतिथि सत्कार | ५०,००० | ४५,६०२ | ९१% | ५०,००० | |
| २० | संचार/टेलिफोन/ईन्टरनेट खर्च | २,००,००० | १,२०,४८८ | ६०% | २,००,००० | |
| २१ | ढुवानी तथा ज्याला | ८०,००० | ७५,००० | ९४% | १,००,००० | |
| २२ | पानी | ३०,००० | २९,२१९ | ९७% | ५०,००० | |
| २३ | सेवा केन्द्र सञ्चालन | ५०,००० | – | ०% | ५०,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | ऋण असुली खर्च | ४,००,००० | १,७५,९९३ | ४४% | ५,००,००० | |
| २५ | अन्य आवश्यक खर्च | १,५०,००० | ७६,३४१ | ५१% | २,००,००० | |
| २६ | विविध खर्च | ५०,००० | ३७,६६५ | ७५% | ५०,००० | |
| | **जम्मा** | **३७,८५,०००** | **२६,३४,८५०** | ७०% | **४१,५५,५००** | |
| २७ | ह्रास खर्च | | १२,७१,७९२ | | | |
| २८ | ऋण नोक्सानी व्यवस्था | | ३,०१,९१,१९५ | | | |
| | **जम्मा** | | **३,१४,६२,९८७** | | | |

नोटः शिर्षक "च. प्रशासनिक खर्च" शिर्षकको अन्य आवश्यक खर्च शिर्षक अन्तरगत सञ्चालक समितिले अति आवश्यक ठानेको कार्यमा बजेटको सिमा भित्र रही सञ्चालक समितिको पुर्ण बहुमतको निर्णयवाट मात्र खर्च गर्न पाईने छ र यस खर्चलाई साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## छ. समिति उप-समिति बैठक भत्ता तथा यातायात खर्च र खाजा खर्च

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/०३/३२ सम्मको सम्मको खर्च | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ को लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सञ्चालक समिति | ३,२४,००० | २,८६,००० | ८८% | ३,२४,००० | |
| २ | लेखा समिति | २४,००० | २४,००० | १००% | २४,००० | |
| ३ | ऋण लगानी-असुली उप-समिति | ३,४५,००० | २,२८,००० | ६६% | ३,००,००० | |
| ४ | शिक्षा उप-समिति | ४५,००० | ३३,००० | ७३% | ४५,००० | |
| ५ | महिला उप-समिति | ४५,००० | ४२,००० | ९३% | ४५,००० | |
| ६ | सल्लाहकार समिति | ३२,००० | १६,००० | ५०% | ३२,००० | |
| ७ | अन्य संयुक्त वैठक | ३,००,००० | २,९८,००० | ९९% | ३,५०,००० | |
| ८ | समिति/उप-समिति खाजा खर्च | ५०,००० | ४६,७९५ | ९४% | ७५,००० | |
| ९ | समिति/उप-समिति इन्धन | ३,१५,००० | २,००,००० | ६३% | ३,७५,००० | |
| १० | समिति/उप-समिति संचार खर्च | ३,१५,००० | २,००,००० | ६३% | ३,७५,००० | |
| | **जम्मा** | **१७,९५,०००** | **१३,७३,७९५** | **७७%** | **१९,४५,०००** | |

## ज. व्याज खर्च तर्फ

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/०३/३२ सम्मको वास्तविक खर्च | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ऋण व्यवस्थापन शूल्क | ५,००,००० | - | ०% | ३,२५,००० | |
| २ | ऋण सापटिमा व्याज | ४०,००,००० | - | ०% | २१,७५,००० | |
| ३ | चालू व्याज खर्च | ८,७५,००,००० | ६,५०,३०,९०० | ७४% | ८,७५,००,००० | |
| | जम्मा | **९,२०,००,०००** | **६,५०,३०,९००** | **७१%** | **९,००,००,०००** | |

## झ. स्थिर सम्पत्ति (पूँजिगत खर्च)

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/०३/३२ सम्मको वास्तविक खर्च | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कम्प्युटर तथा कार्यालय | ३,००,००० | १,०९,७७८ | ३७% | ३,००,००० | |
| २ | फर्निचर फिक्सर... | १,००,००० | ४७,२०० | ४७% | ३,००,००० | |
| ३ | अन्य सामग्री | १,००,००० | १०,२०० | १०% | १,००,००० | |
| | जम्मा | **५,००,०००** | **१,६७,१७८** | **३३%** | **७,००,०००** | |

## खर्चका शिर्षकहरु (ङ+च+छ+ज) को जम्मा

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/०३/३२ सम्मको वास्तविक खर्च | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **कुल खर्च** | **१०,२४,४९,०००** | **१०,५०,२०,८६२** | ३ | **१०,१३,९४,५००** | |

## ञ. कोषबाट गर्ने खर्च विवरण

| क्र.स. | शीर्षक | आ.व.२०८१/८२ को लक्ष्य | २०८२/०३/३२ सम्मको वास्तविक खर्च | प्रगति प्रतिशतमा | आ.व.२०८२/८३ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सदस्य शिक्षा, तालिम, सेमिनार | ५,००,००० | ७९,७४५ | १६% | ३,००,००० | शिक्षा कोष |
| २ क | संस्थागत क्षमता विकास (विनियम/कार्यविधि अध्यावधिक गर्ने ) | २,००,००० | - | ०% | १,००,००० | |
| २ ख | संस्थागत क्षमता विकास | ५०,००० | - | ०% | ५०,००० | |
| ३ | कर्मचारी क्षमता विकास | १,००,००० | ५०० | १% | १,००,००० | |
| ४ | सञ्चालक समिति, उप-समिति क्षमता विकास | १,००,००० | ९,५४० | १०% | १,००,००० | |
| ५ क | साधारणसभा / सदस्य अभिमुखिकरण खर्च | ५,००,००० | ४,९४,९४० | ९९% | ३,००,००० | |
| ५ ख | विस्तारित भेला | २,००,००० | १,०८,२२५ | ५४% | २,००,००० | |
| ६ | सभा, समारोह | ५०,००० | ४९,१५७ | ९८% | ५०,००० | सहकारी विकास कोष |
| ७ | सामाजिक दायित्व/सहयोग | २,००,००० | १,५९,७९१ | ८०% | ३,००,००० | |
| ८ | **प्रवर्द्धनात्मक खर्च** | | | | | |
| क | झोला | १,५०,००० | १,२४,४५० | ८३% | ३,००,००० | सहकारी विकास कोष |
| ख | वेवसाइट | १,००,००० | ४२,०११ | ४२% | ५०,००० | |
| ग | फ्लेक्स | १५,००० | १५,९६० | १०६% | २५,००० | |
| ९ | महिला लक्षित कार्यक्रम | २,००,००० | ५७,४६० | २९% | २,००,००० | शिक्षा कोष |
| १० | विपद व्यवस्थापन/जोखिम व्यवस्थापन | १,००,००० | ७,५०० | ८% | १,५०,००० | सामुदायिक विकास कोष |
| ११ | सम्मान तथा पुरस्कार | ३,००,००० | २,५८,७७७ | ८६% | ३,००,००० | शिक्षा कोष |
| १२ | सहकारी दिवस खर्च | ४०,००० | १९,९०५ | ५०% | ५०,००० | सहकारी विकास कोष |
| १३ | अवलोकन भ्रमण + पुनर्ताजगी | २,५०,००० | १,००,००० | ४०% | २,५०,००० | शिक्षा कोष |
| १४ | **प्रकाशन खर्च** | | | | | |
| क | पेन, क्यालेन्डर र डायरी | १,५०,००० | ६७,५०० | ४५% | २,००,००० | शिक्षा कोष |
| ख | वार्षिक प्रतिवेदन | २,००,००० | १,३८,००५ | ६९% | २,००,००० | |
| ग | ब्रोसर | ५०,००० | - | ०% | ५०,००० | |
| | **जम्मा** | **३४,५५,०००** | **१७,३३,४६७** | **५०%** | **३२,७५,०००** | |

यहाँहरु समक्ष आ.व.२०८१/८२ को साधारण सभा बाट नियुक्त ए.वि.पि.एस. एसोसिएट्स् का लेखा परीक्षक श्री विश्वेश्वर प्रसाद अधिकारी द्वारा तयार गर्नु भएको आ.व.२०८१/०८२ को विस्तृत लेखा परीक्षण प्रतिवेदन र आ.व.२०८२/८३ का लागि प्रस्तावित बजेट तथा कार्यक्रम अध्ययन गरी पारित गरिदिनु हुन अनुरोध गर्दछु, साथै आ.व.२०८२/८३ मा प्रस्तावित बजेटको १०% ले वृद्धि हुने गरी आ.व.२०८३/८४ को लागि समेत प्रस्तावित बजेट सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दै बिदा हुन्छु । जय सहकारी॥ जय पारिजात ॥

पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को १७औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समिति संयोजकद्वारा प्रस्तुत



# आ.व. २०८१/०८२ को बार्षिक प्रतिवेदन

✍ लक्ष्मी बश्याल
संयोजक

पारिजात बचत तथा ऋण सहकारी संस्था लिमिटेडको गरिमामय १७औं साधारण सभाका सभाध्यक्षज्यू, हाम्रो आमन्त्रणलाई स्वीकार गरी आतिथ्यताको लागि उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू, अतिथिगणहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, लेखा समितिका सदस्यज्यूहरू, संस्थाका सल्लाहकारज्यूहरू, तरलता व्यवस्थापकज्यू, विभिन्न उप समितिमा रहनुभएका सदस्यज्यूहरू, कर्मचारीज्यूहरू, पत्रकारज्यूहरू, शुभचिन्तक, सहयोगी एवं शेयर सदस्य र बाल बचतकर्ता भाई-बहिनीहरू सबैमा हजुरहरूले दिनुभएको यो अमूल्य समय प्रति आभार व्यक्त गर्दै लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

आज १७औं वार्षिक साधारण सभाको यात्रा गर्दै गर्दा संस्थाले आर्थिक, सामाजिक तथा व्यवस्थापकिय दृष्टिकोणले जे जति उपलब्धिहरू हासिल गरेको छ, ती सबै उपलब्धिहरूका लागि बिगत देखि हालसम्मका सम्पूर्ण शेयर सदस्य महानुभावहरू, संस्थाका बिभिन्न समिति, उप-समिति र कर्मचारीवर्ग प्रति हार्दिक आभार व्यक्त गर्दछु । आगामी दिनमा समेत यस किसिमको सहकार्यलाई निरन्तरता दिंदै सबै सदस्यहरूको हितमा अझ धेरै कार्यहरू गर्न सदा झै निरन्तर सहयोगको अपेक्षा गर्दछु । यस समितिलाई प्राप्त जिम्मेवारी अनुसार समग्र संस्थाको सामाजिक, भौतिक, आर्थिक तथा प्रशासनिक पक्षको अध्ययन गरी प्रतिवेदन तयार पारिएको व्यहोरा अवगत गराउँदछु । अब म आ.व.२०८१।०८२ मा यस संस्थामा भए गरेका सम्पूर्ण गतिविधि अध्ययन गर्दा प्राप्त बिषयवस्तुहरूलाई प्रतिवेदनको रूपमा यहाँहरू समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

१. आ.व.२०८१।०८२ मा संस्थाको आर्थिक गतिविधिमा भएको यथार्थ विवरण निम्नानुसार रहेको छः
   - संस्थाको चुक्ता शेयर पुँजी २०८१ आषाढ मसान्त सम्ममा रू.११,४१,५५,०००/- रहेकोमा २०८२ आषाढ मसान्त सम्ममा जम्मा रू.११,०४,०४,०००/- रहेको छ ।
   - सदस्य संख्या २७०९ बाट वृद्धि भई २७४० पुगेको छ ।
   - निक्षेप संकलन र भुक्तानी गरी यस आ.व.मा बांकी रू.८२,१६,२१,६४९/- पुगेको छ ।
   - ऋण लगानी र असुली गरी यस आ.व.मा. बांकी रू.८१,३७,३३,०९६/- भएको छ ।
   - शेयर लाभांश कोष, कर्मचारी बोनस कोष र संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम ऋणी सदस्यहरूले ऋणमा बुझाएको ब्याज र सदस्यहरूले जम्मा गरेको बचतको आधारमा नियमानुसार बाँडफाँड गरी बाँकी रहेको रकम रू.९,१५,७५८/०२ साधारण जगेडा कोषमा रकमान्तर गरिएको पाइयो ।
   - यस वर्षमा रू.३,१२,६८,२३८/२३ खुद नाफा भएको पाइयो ।

२. १६औं वार्षिक साधारण सभाबाट पारित भएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन भएको पाइयो ।

३. देशको आर्थिक क्षेत्रमा देखिएको मन्दी तथा सहकारी क्षेत्रकै साखमा देखा परेको प्रतिकूल प्रभावका कारण संस्थामा परेको आर्थिक कारोबारको संकुचनका बावजुद पनि संस्था सन्तोषजनक रूपमा संचालन भएको पाइयो ।

४. यस आर्थिक वर्षमा सञ्चालक समिति, ऋण लगानी तथा असुली उप-समितिका बैठकहरू नियमित रूपमा बसी संस्थाको नियम विनियम बमोजिम संस्था संचालन गरेको पाइयो ।

५. ऋण लगानी तथा असुली उप-समितिको बैठक नियमित बसी ऋण लगानी र असुली सम्बन्धमा आवश्यक प्रकृया पुरा गरेको र ऋण असुलीका क्रममा प्रतिकुल देखिएका ऋणीहरूको प्रकृया अगाडि बढाइ केही खराव कर्जा असुल गरेको पाइयो ।

६. संस्थाले दीर्धकालिन लक्ष्य तर्जुमा गरी सोही अनुरूप वार्षिक कार्ययोजना निर्माण गर्ने गरेको पाइयो ।
७. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना कार्ययोजना सहित गरिएको पाइयो ।
८. 5c बिश्लेषणको आधारमा ऋण लगानी गरेको पाइयो ।
९. संस्थाले हिसाव किताव र व्यक्तिगत बचत तथा ऋण खाताहरू प्रष्ट रूपमा कानुन बमोजिम राखिएको पाइयो ।
१०. NexGen Advance, V 5.1 Software मार्फत रेकर्ड अध्यावधिक गर्ने गरेको पाइयो ।
११.संस्थाले गर्ने दैनिक कारोबारहरू सोही दिन हिसाव मिलान गर्ने गरेको पाइयो ।
१२.ऋण लगानीको प्रक्रिया सम्बन्धमा संस्थाको विनियम र ऋण नियमावली, नीति अनुसार लगानी गरेको पाइयो ।
१३. बैंक हिसाब मिलान मासिक रूपमा गरेको पाइयो । हरेक वर्ष समयमा नै लेखा परिक्षण गरी विवरणहरू प्रष्ट रूपमा राखिएको पाइयो ।
१४. भल्ट (सेफ), नगद काउन्टर लगायत कर्मचारी समेतको बिमा व्यवस्था गरेको पाइयो ।
१५. कर्मचारी तथा प्रशासन व्यवस्थाः

क. साधारण सभाबाट पारित नियमावली र सञ्चालक समितिको बैठकको निर्णय अनुसार कर्मचारी प्रशासन संचालन भएको पाइयो ।

ख. हाल ६ जना स्थायी २ जना अस्थाई कर्मचारी र तरलता व्यवस्थापन निर्देशक १ रहेको पाइयो ।

**सुझावहरू**

क. लगानीका नयां क्षेत्रहरू पहिचान गरी उत्पादनमुलक क्षेत्रमा ऋण लगानीको अनुपात बढाउनु पर्ने ।

ख. ऋण लगानी गर्दा ऋणीको तिर्न सक्ने क्षमता पहिचान गर्नुपर्ने ।

ग. उद्धेश्य अनुरूप ऋण लगानी भए/नभएको अनुगमन गर्नुपर्ने ।

घ. ऋणको उद्देश्य अनुसार भुक्तानी अवधि निर्धारण गर्नुपर्ने । ऋणको उद्देश्य अनुसार कै कर्जा शीर्षकमा ऋणको लेखांकन गर्नुपर्ने ।

ङ. वित्तिय साक्षरता तथा अभिमुखिकरण शिक्षामा जोड दिनुपर्ने ।

च. सम्पूर्ण शेयर सदस्यहरूले नियमित बचत गर्ने गरेको यकिन गर्ने ।

छ. सक्रिय सदस्य बृद्धिमा जोड दिनुपर्ने ।

ज. कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न समयानुकुल तालिमको व्यवस्था गर्नुपर्ने ।

झ. ऋणको ब्याज तथा सांवा असुलीमा बिशेष पहल गर्नुपर्ने । ऋण असुलीको क्रममा संस्थाले सकार गरेका अचल सम्पत्ति समयमा नै यथोचित व्यवस्थापन गर्नुपर्ने ।

ञ. ऋण प्रवाह गर्दा आवश्यक पर्ने सम्पूर्ण कागजातहरू लिई आवश्यक प्रक्रिया पुर्याएर मात्र ऋण लगानी गर्नुपर्ने ।

अन्त्यमा,

प्रतिकुल अवस्थाका बाबजुत पनि केही ठुला खराब कर्जाहरू असुल गर्न सफल भएकोमा सम्बन्धित सबैमा आभार व्यक्त गर्दै बिभिन्न बिधामा सम्मानित शेयर सदस्यहरूमा बधाई ज्ञापन गर्न चाहन्छु । यसै गरी दिबंगत शेयर सदस्यहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै संस्थाको उन्नति प्रगतिमा सधैं सहयोग गरी संस्थालाई निरन्तर सफलताको बाटोमा डोर्याउन निरन्तर रूपमा लागी पर्नुहुने सम्पूर्णमा धन्यवाद दिदै निरन्तर सहयोग र सदभावको अपेक्षा राख्दै अमुल्य सुझाव सहित यो प्रतिवेदन यहीं टुंग्याउने अनुमति चाहन्छु, धन्यवाद ।

जय सहकारी । जय पारिजात ।

संयोजकः- श्री लक्ष्मी बश्याल

सदस्यः- श्री लक्ष्मी प्रसाद कोजु

सदस्यः- श्री लक्ष्मण लुइटेल

पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को १७औं वार्षिक साधारण सभामा ऋण लगानी तथा असुली उप-समितिका संयोजकद्वारा प्रस्तुत

# आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन



✍ नर विक्रम रायमाझी
संयोजक

"नियमित कारोबार उत्तरदायी व्यबहार सुसुचित शेयर सदस्य पारिजातको आधार" भन्ने मूल मन्त्रका साथ संचालित यस संस्थाको १७औं  वार्षिक साधारण सभाका सभाअध्यक्षज्यू, प्रमुख अतिथिज्यू, पूर्व अध्यक्षज्यूहरू, अतिथिज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू लेखा समितिका संयोजक र सदस्यज्यूहरू, संयोजक लगायत सम्पूर्ण सल्लाहकारज्यूहरू, सम्पूर्ण उप-समितिका संयोजक एवं सदस्यज्यूहरू, प्रवन्धक तथा सम्पूर्ण कर्मचारी वर्ग, यस संस्थाका धरोहरका रूपमा रहनुभएका शेयर सदस्य महानुभावहरू एवं बाल बचतकर्ता भाई-बहिनीहरू, शुभचिन्तकज्यूहरू एवं पत्रकार मित्रहरू प्रति हालै यस देशमा चलेको जेनन्जी आन्दोलन बाट परिवर्तित अवस्थामा पनि कुनै कुराको प्रवाह नगरी यस सभालाई आफ्नै सभा सम्झेर उपस्थिती जनाउनु हुने सम्पूर्ण महानुभवहरूलाई १७औं वार्षिक साधारण सभामा ऋण लगानी तथा असुली उप-समितिको तर्फबाट न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहन्छौ ।

बचत तथा ऋण सहकारी संस्था नामले नै वचत तथा ऋणको काम गर्ने अधिकार पाएको संस्था हो । आम्दानीको प्रमुख श्रोत भनेकै ऋण लगानीवाट प्राप्त हुने व्याज भएकाले ऋण लगानीबाट प्राप्त आम्दानी नै संस्थाको मेरूदण्डको रूपमा रहेको छ। संस्थामा वचतको निरन्तर आगमन भइ नै रहन्छ। तर त्यस बचतलाई सही ऋणी पहिचान गरी ऋण लगानी गर्ने चुनौतीपूर्ण काम निरन्तर रहेको छ । बचत सदस्यहरूको अधिकार हो भने ऋण सदस्यलाई दिइने सुविधा हो । यो सवैले पाउंनै पर्छ भन्ने हुंदैन । ऋण लगानी गर्दा त्यसको असुली सुरक्षित तवरले गर्न सकिन्छ कि सकिन्न भन्नेमा सूक्ष्म विश्लेषण गरी लगानी गर्नुपर्ने हुन्छ । ऋण लगानी तथा असुलीको माध्यमबाट संस्थामा आर्थिक तथा वित्तिय सन्तुलन कायम गर्न सकिन्छ। संस्थाले ऋण लगानी गर्दा जहिले पनि 5c को अवधारणालाई अंगीकार गरि लगानी गरेको हुनाले आज हामी जोखिमपूर्ण ऋणवाट हर सम्भव सुरक्षित छौ। यो पारिजात साकोसले ऋण लागानीको क्षेत्रमा गरेको सफल अभ्यास पनि हो ।

वर्तमान परिपेक्षमा सुरक्षित ऋण लगानी गर्नु र उक्त ऋण समयमै असुल उपर गरीनु हरेक संस्थाको ऋण नीतिको रूपमा रहेको छ। शेयर सदस्यहरूलाई संस्थाबाट विभिन्न शीर्षकमा उपलब्ध गराईएको ऋण निज ऋणिले उद्देश्य बमोजिम तोकिएको परियोजनामा लगानी तथा सदुपयोग भए नभएको समय-समयमा व्यापार, व्यवसाय संचालन गरेको स्थान तथा घर-घरमा गई भेटघाट गरी त्यस्तो ऋणको अनुगमन गरी, अभिलेख राख्ने गरीएको छ। वास्तवमा सहकारी भनेको शेयर सदस्यहरूले घेरिएको हुनुपर्दछ र प्रत्येक ऋणी शेयर सदस्यहरूले ऋण भने को नैतिक दायित्व भित्र पर्दछ भन्ने कुरालाई आत्मासाथ गर्नु पर्दछ। आफूले लिएको ऋणको सही परिचालन गरी समयमै ऋणको सावाँ ब्याज तिर्न बुझाउनु पर्दछ।

ऋण लगानी तथा असुली उप-समितिले आ.व.२०८१।०८२ को बार्षिक अवधिमा संस्थाको ऋण लगानी तथा असुली उप-समितिको बैठक ५७ पटक वसी ऋणका लागि माग भएका ऋणको फाईल स्वीकृत तथा सिफारिस गर्ने कार्य सम्पादन भएको छ । २० लाख भन्दा तलका ऋणहरू उप-समितिबाट र सो भन्दा माथिका ऋणहरू संचालक समितिमा सिफारीस गरी संचालक समितिको वैठकवाट ऋण स्वीकृत गरी लगानी गरिएको छ । आ.व.२०८०/०८१ मा लगानी भएको ऋण रू.८१,५८,५१,१४५/- रहेकोमा आ.व.२०८१/०८२ मा विभिन्न शीर्षकमा रू.६४,५१,३२,३६४/- गरी जम्मा ऋण रू.१,४६,०९,८३,५०९/- लगानी भएको छ । यस आ.व.मा रू.५७,७०,३७,९९८/- ऋण असुली गरिएको छ। संस्था NFRS मा आवद्व रहेको र खराब ऋणलाई रू.७,०२,१२,४१४/-

प्रोभिजन छुट्याई रू.८१,३७,३३,०९६/- बाँकी रहेको छ । उक्त ऋण लगानीबाट आ.व.२०८१/०८२ मा रू.१२,८७,५०,६६१/- व्याज आम्दानी गरिएको छ । यस संस्थाबाट विभिन्न शीर्षकमा लगानी भएको ऋण र सोको साँवा र व्याज असुल-उपर गरी संस्था संचालनमा स्थिर रूपमा रहेको स्पष्ट हुन्छ साथै ऋण असुलीका लागी फोन, पत्रचार, व्यक्तिगत भेटघाट र SMS मार्फत सावाँको किस्ता , व्याज तथा भाखा नाघेको ऋणको बारेमा जानकारी दिने व्यवस्था गरिएको छ । संस्थाले निर्धारण गरेको ऋण निति, नियमको परिधि भित्र रही कार्य गर्नुहुन सम्पूर्ण शेयर सदस्यहरूमा आग्रह गर्न चाहन्छौ ।

आदरणीय सेयर सदस्यज्यूहरू यहाँहरूले पूर्ण विश्वासका साथ हामीलाई प्रदान गर्नु भएको जिम्मेवारी, आफ्नो क्षमता र अनुभवको आधारमा लगानी तथा असुलीको कार्य सम्पादन गर्ने प्रयास गरेका छौं । उप- समितीमा रहेर साथ दिनुहुने साथीहरू, संस्थाका सचालक समिति, कर्मचारी परिवार प्रति आभारी छु । संस्था संचालन दाई दिदिले हैन निती र विधिले चलाउने भएकाले संस्थाको ऋण निति भित्र रही ऋण लगानी तथा असुली गर्दा कसै लाई विना धितो ऋण प्रवाह गर्न नसकेकोमा अनि कसैलाई धितो भएर पनि पर्याप्त लागानीको लागि सिफारिस गर्न नसकेकोमा शेयर सदस्यहरू प्रति ऋण लगानी तथा असुली उप-समिति क्षमा चाहान्छौ ।

शेयर सदस्यज्यूहरूले लिएको ऋणको समयमै मासिक किस्ता, सावाँ, व्याज तिर्नुहुन सबै ऋणी सदस्यहरूमा हार्दिक अनुरोध गर्दछौ । ऋण नतिरी आलटाल गरी बस्ने ऋणी सदस्य उपर बाध्य भएर धितो लिलामीको कानूनी कारवाही संस्थाबाट अगाडी बढी धितो लिलाम सकार समेत गरेको व्यहोरा समेत सबै शेयर सदस्य महानुभावहरूमा जानकारी गराउदै "ऋण लिने हाँसेर, तिर्ने हाँसेर" भन्दै बिदा हुन चाहान्छौ । धन्यवाद । जय सहकारी । जय पारिजात

संयोजकः श्री नर बिक्रम रायमाझी

सदस्यः श्री प्रदिप ढुङ्गेल
सदस्यः श्री राजेश तज

सदस्यः श्री सुमन राज अर्याल
सदस्यः श्री चानस बहादुर कार्की

## ऋणको किस्ता, साँवा र व्याज बुझाउने सम्बन्धी सूचना

**यस संस्थाबाट विभिन्न मितिमा विभिन्न प्रयोजनको लागि ऋण लानुहुने सदस्यहरूले आफूले ऋण लगेको मितिबाट गणना गरी ऋण लिएको एक महिनाको फरकमा सोही गते आफ्नो किस्ता बुझाउने मिति हुने हुँदा किस्ता बुझाउन बाँकी भएमा तुरुन्तै कार्यालयमा उपस्थित भई किस्ता बुझाउनु हुन सूचित गरिन्छ । समयमै किस्ता, साँवा र व्याज बुझाउन ढिला भएमा नियमानुसार हर्जना लाग्ने र भाखा नाघेमा क्रमशः कानुनी प्रकृया अवलम्बन गरी धितो लिलाम प्रक्रियाबाट ऋण असुल उपर गर्न संस्था बाध्य हुने व्यहोरा समेत सूचित गरिन्छ ।**

पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को १७औं वार्षिक साधारण सभामा शिक्षा उप-समिति संयोजकद्वारा प्रस्तुत

# आ.व. २०८१/०८२ को बार्षिक प्रतिवेदन



✍ सुरज थापा
संयोजक

यस पारिजात बचत तथा ऋण सहकारी संस्था लिमिटेडको गरिमामय १७औं साधारण सभाका सभा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, लेखा समितिका पदाधिकारीज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न उप-समितिका संयोजक एवं सदस्यज्यूहरू, प्रबन्धकज्यू तथा कर्मचारीहरू, शेयर सदस्यज्यूहरू, बाल बचतकर्ता भाई-बहिनीहरू तथा यस संस्थाका शुभचिन्तकहरू सबैमा शिक्षा उप-समितिको तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन व्यक्त गर्दछौं ।

सहकारी एक अर्काबीचको सहकार्यको अवधारणा हो । सहकारीमा समुदायका व्यक्तिहरू संगठित भई सदस्यहरूको हित प्रवर्द्धन गर्ने कार्य गरिन्छ । "एकका लागि सबै र सबैका लागि एक" भन्ने भावना र व्यवहार मार्फत व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक तथा सामाजिक उत्थानमा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। सहकारीका विश्वव्यापी सिद्धान्त, आर्थिक अनुशासन, नियम तथा कानुनको पालन, संस्था र सदस्यको वित्तीय जोखिम न्यूनिकरण हाम्रो पहिलो प्राथमिकताका विषयहरू हुन् । आर्थिक पारदर्शिता र सदस्य-केन्द्रित अभ्यासका कारण सहकारीको क्षेत्रमा देखा परेको विषम परिस्थितिमा तथा विकराल समस्यामा पनि हाम्रो संस्था निर्भिकताका साथ आफ्नै बाटोमा निरन्तर अगाडि बढिरहेको छ ।

यस सहकारी संस्थाले श्रम, सीप, प्रविधि र पूँजीलाई एकिकृत गरी समुदायमा आधारित भई समाजका न्यून तथा मध्यम आय भएका व्यक्तिहरूलाई आबद्ध गराई, उनीहरूकै बीचमा लगानी गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षको विकास गर्ने उद्देश्यका साथ स्थापना गरिएको हो । स्थापना कालदेखि हालसम्म निरन्तर रूपमा यहाँहरूकै विश्वास, माया र स्नेहका कारण आज संस्था यस गौरवपूर्ण अवस्थासम्म आइपुगेको छ। यही विश्वासका कारण संस्था आफ्नो १७औं वार्षिक साधारणसभाको अवसरमा यहाँहरूलाई आवश्यक परेको समयमा वित्तीय सहजता प्रदान गर्ने कार्यमा निरन्तर सक्रिय रहँदै आएको छ ।

देश र विदेशमा भएका विविध राजनीतिक घटनाक्रमहरूको प्रत्यक्ष असर सहकारी क्षेत्रमाथि पनि परेको छ । केही असामाजिक व्यक्तिहरूको गतिविधिका कारण सहकारी संस्थालाई सर्वसाधारण सदस्यहरूको बचत लुट्ने समूहका रूपमा चित्रण गर्ने गलत प्रवृत्ति देखिएको छ। देशका करिब तीस हजारभन्दा बढी सहकारीहरूमध्ये दुई-तीन सय सहकारीका गलत कार्यका कारण सम्पूर्ण सहकारीहरूलाई एउटै परिभाषामा बाँध्ने अनुचित अभ्यास भइरहेको छ । यस्ता भ्रामक धारणालाई तोड्दै, राम्रा र अनुशासित सहकारीहरू पनि प्रशस्त छन् भन्ने सन्देश प्रवाह गर्नु आजको आवश्यकता हो भन्ने कुरा मनन गरी यस उप-समितिले कार्य सम्पादन गरेको छ ।

सहकारीको मुख्य कार्य सदस्यहरूको साना-साना बचतहरू संकलन गरी, समूहकै सदस्यहरूलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराई, उनीहरूलाई उद्यमशील बन्न प्रेरित गर्नु र आर्थिक आवश्यकताहरू पूरा गर्न सहयोग गर्नु हो । यसका अतिरिक्त सहकारी शिक्षा प्रदान गरी सदस्यहरूमा सहकारीका सम्बन्धमा चेतना जगाउनु पनि सहकारीको अर्को मुख्य कार्य हो । सहकारी शिक्षामार्फत सदस्यहरूले, संस्थाको विनियम, कार्यविधि तथा सहकारी सिद्धान्तबारे निरन्तर जानकारी प्राप्त गर्नुपर्छ। यसरी सदस्यहरूमा संस्थाको गतिविधि, सदस्यको काम, कर्तव्य र अधिकार, उद्यमशीलता, बचत रकमको सदुपयोग र वित्तीय परिचालनबारे बोध गराउने कुरालाई मूल लक्ष्य ठानी यो उप-समिति त्यस तर्फ प्रयत्नशिल छ ।

यस महत्वपूर्ण कार्यमा पारिजात साकोसको शिक्षा उप-समिति निरन्तर रूपमा समर्पित भएर कार्यरत रहेको छ। यस उप-समितिको सक्रियता र सदस्यहरूको सहयोगका कारण संस्था आफ्नो मूल उद्देश्य र सिद्धान्तप्रति निष्ठावान रहँदै, सहकारी आन्दोलनलाई सुदृढ र विश्वसनीय बनाउन निरन्तर प्रयत्नशील छ ।

अन्त्यमा, संस्थाको निरन्तर प्रगति, पारदर्शिता र सदस्य-केन्द्रित सेवाको यात्रामा साथ दिनु भएका सम्पूर्ण सदस्य, सञ्चालक समिति, उप-समिति, कर्मचारी तथा शुभेच्छुक महानुभावहरूमा म हृदयदेखि आभार प्रकट गर्न चाहन्छु । तपाईंहरूको विश्वास र सहयोगकै कारण पारिजात बचत तथा ऋण सहकारी संस्था लि. आज यो गौरवमय १७औं वार्षिक यात्रामा उभिएको छ ।

यस उप-समितिले गत साधारण सभामा पारित कार्यक्रम र बजेट तथा संचालक समितिको समय-समयमा दिएको निर्देशनको अधिनमा रही यो आ.व.मा निम्नलिखित कार्यहरू सम्पन्न गरेको छ ।

## शिक्षा उप-समितिको प्रगति प्रतिवेदन (आ.व. २०८१/०८२)

शिक्षा उप-समितिबाट आ.व. २०८१/०८२ मा सम्पन्न सहकारी शिक्षा सम्बन्धी कार्यहरूको प्रगति प्रतिवेदनको रूपमा निम्न बुँदाहरू प्रस्तुत गर्दछौं :

- शिक्षा समितिको बैठक नियमित ४ पटक, विषेश २ पटक सहित जम्मा ६ पटक बस्यो ।
- सहकारी क्षेत्रमा देखिएका विविध घटनाक्रम तथा संस्थाको वर्तमान अवस्थाको विश्लेषण आवश्यक ठानी कर्मचारी र सञ्चालक समितिबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।
- २०८१ माघ ४ गते नागरिकताको आधारमा ७५ वर्ष उमेर पूरा गरेका ५९ जना जेष्ठ नागरिकका लागि "जेष्ठ शेयर सदस्य सम्मान" तथा अनुशिक्षण कार्यक्रम संस्थाको सभा हलमा सम्पन्न गरियो ।
- संस्थाको आ.व. २०८१/०८२ को अर्धवार्षिक प्रगति समीक्षा कार्यक्रम २०८१ फागुन १६ गते शुक्रबार संस्थाको सभा हलमा सम्पन्न गरियो ।
- सहकारीका ७५ जना सदस्यलाई तालिम दिने उद्देश्यले २०८२ वैशाख १८ गते "सदस्य अनुशिक्षण कार्यक्रम तथा विस्तारित भेला" आयोजना गरियो ।
- २०८२ वैशाख २७ गते पारिजात र जिल्ला सहकारी संघ लिमिटेडको सहकार्यमा "सहकारी नेतृत्व तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम" सम्पन्न गरियो ।
- २०८२ असार २७ गते संस्थाको २०८२/०८३ को वार्षिक बजेट तथा योजना निर्माणसम्बन्धी सञ्चालक समिति, लेखा-सुपरिवेक्षण समिति, सल्लाहकार समिति तथा विभिन्न उप-समितिहरूबीच संयुक्त छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

अन्त्यमा, अबका दिनमा संस्थाले सञ्चालन गर्ने तालिम, सेमिनार, गोष्ठी आदि कार्यक्रमहरू संस्थाका शेयर सदस्यहरूको रूचि र आवश्यकतामा आधारित हुनुपर्ने निष्कर्षमा पुगेका छौं। यसका लागि यहाँहरूले कुनै सल्लाह वा सुझाव दिन चाहनुहुन्छ भने कृपया संस्थालाई अवगत गराउनुहुन अनुरोध गर्दछौं ।

शिक्षा उप-समितिले सहकारी शिक्षाका विविध कार्यहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै आवश्यक कार्यक्रम आगामी आ.व.को बजेटमा समावेश गरिनेछ । यस गरिमामय साधारण सभामा सहकारी शिक्षामा जोड दिँदै आगामी दिनहरूमा सहकारी शिक्षा, लेखा तालिम, प्रतिवेदन लेखन तालिम, अभिलेख व्यवस्थापन तालिम तथा साइबर सुरक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिने प्रयास गरिनेछ ।

उक्त तालिम-गोष्ठीमा सहभागी हुन इच्छुक सदस्यहरूले संस्थाको सूचना पाटी, पारिजातको फेसबुक पेज parijatsaccos वा संस्थाको वेबसाइट https://parijatsaccos.com.np मार्फत जानकारी लिन सक्नुहुनेछ अथवा संस्थामा सम्पर्क गरी आफ्नो नाम दर्ता गराउन अनुरोध गर्दछौं।

धन्यवाद । जय पारिजात ॥ जय सहकारी ॥।

संयोजक: श्री सुरज थापा

सदस्य: श्री गुरू प्रसाद दाहाल — सदस्य: श्री यशोदा गौतम राजभण्डारी

सदस्य: श्री औंसरा थापा

पारिजात बचत तथा ऋण सहकारी संस्था लि.को १७औं वार्षिक साधारण सभामा महिला जागरण तथा सशक्तिकरण उप-समिति संयोजकद्वारा प्रस्तुत



# आ.व. २०८१/०८२ को बार्षिक प्रतिवेदन

✍ निरञ्जना धौभडेल
संयोजक

यस पारिजात बचत तथा ऋण सहकारी संस्था लिमिटेडको गरिमामय १७औं वार्षिक साधारण सभाका सभा अध्यक्षज्यू ,प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरू, संचालक समितिका पदाधिकारीज्यूहरू, लेखा समितिका पदाधिकारीज्यूहरू, सल्लाहकार समितिका सल्लाहकारज्यूहरू, विभिन्न उप-समितिका संयोजक एवं सदस्यज्यूहरू, संस्थाका प्रवन्धकज्यू, तथा कर्मचारीज्यूहरू, शेयर सदस्यज्यूहरू, बाल बचतकर्ता भाई-बहिनीहरू, सहकारीकर्मीज्यूहरू, संचार कर्मीज्यूहरूमा महिला उप-समितिकातर्फबाट सहकारी अभिवादन ।

प्रस्तुत विषयमा यस सहकारी संस्थाको महिला जागरण तथा सशक्तिकरण-उप समितिको संयोजक म निरन्जना धौभडेल सहित सदस्य श्री शकुन्तला थापा, श्री राधिका देवी आचार्य, श्री मेनुका रोक्का र श्री मिना राई सहित यस पारिजात बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष श्री टंक राज काफ्ले लगायत संचालक समिति र यस संस्थाका कर्मचारी सहितको संयुक्त सहकार्यमा नियमित बैठक ६ पटक बसी निम्न कार्यक्रमहरू सम्पन्न गरिएको व्योहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

**सम्पन्न गरिएका कार्यक्रमहरू:**

- नियमित बैठक ६ पटक बसियो,
- चर्मरोग तथा आँखा शिविर संचालन,
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन,
- महिलाहरूको पाठेघरको मुखको क्यान्सर सम्बन्धि शिविर संचालन,
- सामाजिक सेवा अन्तर्गत स्पाईनल कर्ड इन्जुरी नेपाल संस्थालाई सामान वितरण,

१. मिति २०८१ श्रावण २५ गतेका दिन बसेको बैठक अनुसार यस पारिजात बचत तथा ऋण सहकारी संस्था लि. द्वारा चर्मरोग तथा आँखा शिविर राख्ने निर्णय अनुसार यस संस्थाका शेयर सदस्यहरूको छाला तथा आँखा सम्बन्धि समस्याहरूलाई मध्यनजर गरी एभरेष्ट हस्पिटल नयाँ बानेश्वरको वरिष्ठ नेत्ररोग विशेषज्ञ डा.श्री आशिष राज पन्तज्यू र यसै गरी साही हस्पिटलका छालारोग विशेषज्ञ डा. श्री रिपुला आचार्य पन्तज्यूलाई ल्याई मिति २०८१/०५/०८ गते शनिवारका दिन शिविर संचालन गरियो । उक्त शिविर महिला,पुरूष र बालबच्चा गरी सरदर २०० जनाले सेवा लिनु भएको थियो । छाला र आँखा मा धैरै समस्या देखिएकाहरू लाई थप उपचारका लागी अन्यत्र अस्पतालमा जान अनुरोध गरिएको थियो । सो शिविरमा छाला र आँखामा आउने समस्या एवम् त्यसका समाधानको उपायहरूको बारेमा पनि विशेषज्ञ डा. द्वारा शिक्षा मुलक जानकारी गराईएको थियो ।

२. मिति २०८१/०९/२६ गते बसेको बैठक अनुसार यस पारिजात बचत तथा ऋण सहकारी संस्थाका जेष्ठ शेयर सदस्यज्यूहरूलाई मध्यनजर गर्दै आफ्नो संस्थामा रहेका जेष्ठ शेयर सदस्यहरूलाई सम्मान गर्ने निर्णय गरियो । २०८१ माघ ४ गते शुक्रबारका दिन ७५ बर्ष पुरा भएका जेष्ठ शेयर सदस्यज्यूहरूलाई सम्मान गरियो । उक्त कार्यक्रमा जेष्ठ शेयर सदस्य आमा-बुबा हरूलाई पौष्टिक खानेकुरा, नगद र दोसल्ला ओढ्एर सम्मान गरियो । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष टंकराज काफ्लेज्यूले अध्यक्षता गर्नु भएको थियो भने ५९ जना जेष्ठ शेयर सदस्यज्यूहरूको सहभागिता थियो । जेष्ठ शेयर सदस्यज्यूहरुप्रति यसरी सम्मान व्यक्त भएकोमा सबैजनाले खुसी व्यक्त गर्नुभएको थियो । यस पारिजात बचत तथा ऋण सहकारी संस्थाले आफ्ना

जेष्ठ शेयर सदस्यज्यूहरूलाई धेरै नै माया र सम्मान दिएको भनि जेष्ठ नागरिकहरूले आफ्नो अनुभव सुनाउनु भएको थियो । उक्त कार्यक्रममा जेष्ठ शेयर सदस्यको तर्फबाट केशबराज खनालज्यूले आफ्ना बिचारहरू राख्दै संस्थाको आगामी दिनमा अझ राम्रो प्रगति होस र आगामी दिनमा पनि यसरी नै जेष्ठ शेयर सदस्यहरूलाई भेला गरी भेटघाट गर्ने अवसर मिलोस भनेर आफ्नो विचार व्यक्त गर्नु भएको थियो। कार्यक्रम अति सौहाद्रपुर्ण रूपमा सम्पन्न भएको थियो ।

३. मिति २०८१/११/१९ गते बसेको बैठको निर्णय अनुसार महिलाहरूको पाठेघरको मुखको क्यान्सर सम्बन्धि जाँच गर्ने निर्णय गरियो । मिति २०८१/११/२४ गते शनिबारका दिन सो शिविर सम्पन्न गरियो । उक्त कार्यक्रम पारिजात बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा नेपाल क्यान्सर केयर फाउन्डेसनको प्राविधिक सहयोगमा **अन्तराष्ट्रिय नारी दिवस**को उपलक्षमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरियो । सो शिविरमा महिलाहरूको पाठेघरको मुखमा हुने क्यान्सर सम्बन्धि प्रारम्भिक परिक्षण (VIA TEST) गरिएको थियो ।सो शिविरमा ३० बर्ष माथी र ५० बर्षभन्दा कम उमेरका महिलाहरूले परिक्षण गराउनु भएको थियो । उक्त परिक्षण गर्दा २८ जनामा समस्या देखिएको थियो । उहाहरूलाई विशेषज्ञ डाक्टरहरूको सल्लाह अनुसार थप उपचारका लागी अन्यत्र अस्पतालमा जान सल्लाह दिएको थियो । समयमै पाठेघरको परीक्षण गरेमा पाठेघरको क्यान्सर हुनबाट महिलाहरूलाई जोगाउन सकिने सल्लाह दिनुभएको थियो । नेपाल क्यान्सर केयर फाउन्डेसनबाट बिषेशज्ञ डा. सरिता घिमिरेको नेत्तृत्वमा आएको टोलीले अतिनै सहज रूपमा परीक्षण गरी आगामी दिनमा पनि यस पारिजात बचत तथा ऋण सहकारीबाट निरन्तर आफ्ना महिला शेयर सदस्यज्यूहरूलाई प्रमुख समस्याको रूपमा रहेको पाठेघरको परिक्षण गराउनका लागी बर्षमा १ पटक शिविर संचालन गर्न सुझाव पनि दिनु भएको थियो । सो कार्यक्रम यस पारिजात बचत तथा ऋण सहकारी संस्थाले बिगत केही बर्ष देखी निरन्तर रूपमा संचालन गरेको प्रति खुशी पनि व्यक्त गर्नु भएको थियो ।

४. मिति २०८२/०३/२५ गते को निर्णय अनुसार २०८२/०३/२८ गते सामाजिक सुरक्षा अर्न्तगत स्पाईनल कर्ड इन्जुरी नेटवर्क नेपालमा रहेका शारिरिक रूपमा अशक्त (Wheel Chair User) भाई-बहिनीहरूको लागी आवश्यक स्वास्थ्य सामाग्री तथा खाद्यान्न सहयोग गरियो । सो निर्णय अनुसार मिति २०८२/०३/२८ गते पारिजात बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष श्री सुरज थापाज्यूको नेत्तृत्वमा सचिव श्री किरण थापाज्यू, महिला जागरण तथा सशक्तिकरण उप-समिति संयोजक श्री निरन्जना धौभडेल, संचालक सदस्य श्री दिपक प्रसाद वाग्लेज्यू, महिला जागरण तथा सशक्तिकरण उप-समिति सदस्य श्री राधिका देवि आचार्य सहितको समूहले संस्थाको तर्फबाट प्रतिनिधित्व गरी उक्त संस्थालाई आवश्यक परेको खाद्यान्न र औषधि स्पाईनल कर्ड इन्जुरी नेटवर्क नेपालका अध्यक्ष श्री ऋषि राम ढकाल र सचिव केशब थापाज्यूलाई खाद्यान्न तथा मेडिकल सामाग्री प्रत्यक्ष रूपमा उपस्थिति भई हस्तान्तरण गरियो ।

पारिजात बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको र अन्य उप-समितिले व्यवस्थापन गरेको सम्पुर्ण कार्यक्रममा यस महिला जागरण तथा सशक्तिकरण उप-समितिले निकै उत्साहका साथ सबै कार्यक्रमहरूमा सक्रिय सहभागिता र सहयोग गरेको छ । विभिन्न उतार चढावका कारण सोचेजति कार्यक्रम गर्न नसकिएकोमा यस महिला जागरण तथा सशक्तिकरण उप-समिति क्षमाप्रार्थी छौं र आगामी दिनमा समय र परिस्थिती लाई मध्य नजर राख्दै सीपमुलक, स्वास्थ्यसंग सरोकार राख्ने र शिक्षामुलक कार्यक्रमका साथै अन्य जनचेतना जगाउने कार्यक्रमहरू ल्याउने प्रतिवद्धताका साथ निरन्तर कोसिश गर्ने छौं ।

जय सहकारी । जय पारिजात ॥

संयोजकः श्री निरन्जना धौभडेल

सदस्यः श्री शकुन्तला थापा — सदस्यः श्री राधिका देवि आचार्य

सदस्यः श्री मेनुका रोक्का — सदस्यः श्री मिना राई

**A.B.P.S. ASSOCIATES**
CHARTERED ACCOUNTANTS


- ICAN Firm No.822
- New-Baneshwor, Kathmandu
- +977 9851118189
- ca.bp.adhikari@gmail.com
- PAN: 610661862


# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु,
**श्री पारिजात बचत तथा ऋण सहकारी संस्था लिमिटेड,**
सूर्यविनायक न.पा. वडा नं. ५, कटुन्जे, भक्तपुर।

**लेखापरीक्षकको राय :**

हामीले **पारिजात बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यस पछि "संस्था" भनिएको) को यसै साथ संलग्न २०८२ आषाढ ३२ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण, र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरणहरुप्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ। व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो।

हामी यस प्रतिवेदनमा उल्लेखित आधारहरुमा लेखापरिक्षण गरी निम्न अनुसारको राय पेश गर्दछौं :

क) हामीले लेखपरिक्षणको क्रममा आवश्यक ठानेको जानकारी र स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौँ।

ख) हामीलाई दिएको सुचना एवं स्पष्टीकरणको आधारमा प्रस्तुत वासलातले संस्थाको ३२ आषाढ २०८२ को आर्थिक स्थिति र आय व्यय, नगद प्रवाह एंव शेयरपुँजी तथा कोषहरुमा भएको परिवर्तन विवरणले नेपाल वित्तीय प्रस्तुतीमान (Nepal Financial Reporting Standards) बमोजिम सोहि मितिमा समाप्त भएको बर्षको क्रमशः संचालन नतिजा, नगद प्रवाह, एंव शेयरपुँजी तथा कोषहरुमा भएको परिवर्तनको यथार्थ चित्रण गरेको छ।

**रायका आधारहरु :**

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेको छौ । सो मान बमोजिमको हाम्रो जिम्मेवारीको विस्तृत पाठ **"लेखापरीक्षकको जिम्मेवारी"** मा उल्लेख गरिएको छ। यो लेखापरीक्षणको लागि नेपालमा पालना गर्न पर्ने आचार संहिता बमोजिम हामी यो संस्थाबाट स्वतन्त्र छौ, तथा आवश्यक आचार संहिताको पालना गरेका छौ। हाम्रो बिचारमा हामीले संकलन गरेको लेखापरीक्षण प्रमाणहरु, हाम्रो रायको आधार बन्न पर्याप्त र उपयुक्त छन्।

**मुख्य लेखापरिक्षण मामिलाहरू (Key Audit Matters)**

मुख्य लेखापरीक्षण मामिलाहरू ती मामिलाहरू हुन् जुन हाम्रो व्यवसायिक निर्णयमा वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो र समग्र लेखापरीक्षण रणनीतिमा सबैभन्दा ठूलो प्रभाव पार्ने तथा material misstatement of financial statement (whether due to fraud or error) सँग सम्बन्धीत महत्त्वपूर्ण रुपमा मूल्याङ्कन गरिएको जोखिम क्षेत्रहरु रहेका थिए। लेखापरीक्षण स्रोतहरू परिचालन र लेखापरीक्षणमा संलग्न टोलीको कामकारबाहीहरूलाई निर्देशन दिने लगायतका क्षेत्रमा मुख्य लेखापरीक्षण मामिलाहरूको मुख्य भूमिका रहने हुन्छ। माथिको हाम्रो लेखापरीक्षण रायमा पुग्दा सम्बोधन भएका मुख्य लेखापरीक्षण मामिलाहरू तथा ती मामिलाहरू सम्बोधनका लागि अपनाइएका लेखापरीक्षण प्रक्रियाहरूको सारांश तल उल्लेख गरिएको छ।

A.B.P.S. Associates Kathmandu Chartered Accountants

abpsassociates@gmail.com
ca.bp.adhikari@gmail.com

तल उल्लेखित लेखापरीक्षण प्रक्रियाहरू समग्र वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा केवल लेखापरीक्षणको उद्देश्यका लागि त्यसमा हाम्रो राय बनाउनमा केन्दित भएको हुँदा र रायसँग आकस्मिक रूपमा समावेश गरिएको हुँदा हामी यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं।

<table>
<tr><th>क्र. स.</th><th>मुख्य लेखापरिक्षण मामिलाहरू</th><th>लेखापरिक्षकको प्रतिक्रृया</th></tr>
<tr><td>१.</td><td colspan="2">ऋण नोक्सानी व्यवस्था कोष</td></tr>
<tr><td></td><td>नेपाल सरकार, सहकारी तथा गरीबी निवारण मन्त्रालय, सहकारी विभागको मिति २०८२/०३/३२ मा जारी सहकारी संघसस्थामा सुशासन प्रवर्द्धनको लागी एकिकृत निर्देशन, २०८२ को बुँदा नं. ४५ मा उल्लेखित व्यवस्था अनुसारसंस्थाले देहाए बमोजिम ऋण नोक्सानी व्यवस्था कोष खडा गर्नु पर्ने हुन्छ न्न
<table>
<tr><th>क्र.स</th><th>कर्जा विवरण</th><th>ऋण नोक्सानी व्यवस्था प्रतिशत</th></tr>
<tr><td>१</td><td>भाखा ननाघेका र ३ महिनासम्म भाखा नाघेका</td><td>१</td></tr>
<tr><td>२</td><td>३ महिना दखि ६ महिनासम्म भाखा नाघेका ऋण</td><td>२५</td></tr>
<tr><td>३</td><td>६ महिना दखि १ बर्ष सम्म भाखा नाघेको ऋण</td><td>५०</td></tr>
<tr><td>४</td><td>१ बर्ष भन्दा बढि भाखा नाघेको ऋण</td><td>१००</td></tr>
</table>
संस्थाले आ. व. अन्त्यमा बाँकी रहेको कर्जाको सावा रकममा माथि उल्लेख भए बमोजिमको प्रतिशत अनुसार ऋण नोक्सानी व्यवस्था गणना गरी छुट्टै कोषमा राख्नु पर्ने हुन्छ । यस्तो कोषमा भएको परिवर्तनको रकमलाई नाफा तथा नोक्सान विवरणमा लेखान्कन गर्नु पर्ने हुन्छ।</td>
